जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ७३ • २०७९ साल साउन १६ गते सोमबार (1 August, Monday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

# मिटरब्याजी पीडितहरुको जुलुस मुख्यमन्त्रीलाई ज्ञापन

**टुडे समाचारदाता**

जनकपुरधाम ।मिटरब्याजीबाट पीडितहरुले साउनको झरीमा रुझ्दै पीडकलाई कारबाही गर्न मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतलाई आइतवार ज्ञापन पत्र बुझाएका छन् ।

ज्ञापन पत्र बुझ्दै मुख्यमन्त्री राउतले सरकारका लागि मिटर ब्याज ठूलो चुनौती बन्दै गएको बताए ।'समाजको विकृतिको रूपमा रहेका मिटरब्याजीलाई कानूनको दायराभित्र ल्याउन प्रदेश सरकार प्रतिवद्ध रहेको छ ' उनले भने, मिटरब्याजी पीडितहरूको पक्षमा प्रदेश सरकार गम्भीर रहेको छ । त्यस्ता विरूद्ध कडा कदम चाल्ने उनले आश्वासन दिए ।



तर मुख्यमन्त्री राउतले कुन कानून अन्तरगत मिटरब्याजीलाई कारबाहीगर्ने खुलाउन सकेनन् ।मधेश प्रदेश सरकारले मिटरब्याजीलाई कारबाही गर्ने कुनै कानून बनाइसकेको छैन् ।

सर्लाही, सप्तरी लगायतका जिल्लामा मिटरब्याजी भनिएकामाथि ठगी, आय भन्दा बढी सम्पत्ति लगायतका कानून अन्तरगत सरकारले कारबाही गरेको छ ।कपाली तमसुकलाई वडा कार्यालयले प्रमाणित गर्न थालेपछि मिटरब्याजको आरोप र समस्या धेरै हदसम्म समाधान हुन सक्ने अपेक्षा गरिएको छ ।

मुख्यमन्त्री राउतले स्थापनाकालदेखिकै दुखेसो सुनाउदै पीडितहरुलाई भने, प्रहरी प्रशासन प्रदेश मातहत नहुँदा ठोस कदम चाल्न सकेको छैन् । 'सम्बन्धित निकायहरुमा आवाज उठाएको छु ' उनले भने, समस्या समाधानको बाटो चाँडै पहिल्याइन्छ ।'

मिटरब्याजीबाट पीडित संघर्ष समितिका संयोजक मनोज कुमार पासमानको नेतृत्वको टोलीले जुलुस सहित ज्ञापन पत्र बुझाउन मुख्यमन्त्री कार्यालय पुगेका थिए ।

मिटरब्याजीलाई कारबाही गरी उनीहरुको सम्पत्ति छानबिन हुनुपर्ने, जफ्त गरिएको पीडितको सम्पति छानबिन हुनुपर्ने, तमसुक व्यवस्था खारेज हुनुपर्ने, सहुलियत दरमा ऋणको व्यवस्था हुनुपर्ने, मिटरब्याजीबाट ऋणीमाथि गरिएको यौन शोषणको छानबिन गरी दोषीलाई कारबाही हुनुपर्ने माग ज्ञापन पत्रमा उल्लेख गरिएको छ ।

# फेरिए कानुको पोष्टर, कारबाहीको माग

**टुडे समाचारदाता**

वीरगञ्ज ।राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)का अध्यक्ष राजेन्द्र लिंगदेनको स्वागतमा लगाइएको नरेश साह कानुको पोष्टर फेरिएको छ ।कानुको फोटो राखिएको पोष्टर हटाएर आइतवार राप्रपा पर्साका वरिष्ठ उपाध्यक्ष जगरनाथ प्रसाद कुर्मी र वीरगञ्ज महानगरपालिकाकी उपमेयरमा पराजित बिना जयसवाल कुर्मीको फोटो रहेको पोष्टर लगाइएको छ ।




नरेश साहले जन्मको आधारमा सर्लाही जिल्लाको तत्कालीन कविलासी गाउँ विकास समितिबाट नागरिकता लिएका छन् ।उनी भारतको सीतामढी जिल्लाको शिवहर संसदीय र रिगा विधान सभा क्षेत्रको मतदाता रहेका छन् ।

नागरिकता खारेजीको कारबाही पक्रियामा रहेको बेला साहले पर्सा जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ बाट प्रतिनिधि सभाको संभावित उम्मेदवार भन्दै राप्रपा अध्यक्ष लिंगदेनको स्वागतमा पोष्टर सहितको स्वागतद्वारहरु बनाएका थिए ।

साहको नागरिकता खारेजीको प्रक्रियामा ढिलाईको कारण आर्थिक चलखेल रहेको बताइन्छ ।स्रोतहरुका अनुसार ४ वर्ष पूर्व १ करोडमा वीरगञ्ज महानगरपालिकाको वडा नम्बर ८ मा किनेको घरलाई १० करोड भन्दा बढी ऋणको बैंकमा साहले धितो राखेका छन् ।

प्रतिनिधि र राष्ट्रिय सभाले हालै पारित गरेको नागरिकता सम्बन्धी संशोधन विधेयकको राप्रपा अध्यक्ष लिंगदेनले विरोध गरिरहेका बेला उनकै पार्टीका नेता नेपाल र भारतका नागरिक रहेको प्रमाण सार्वजनिक भएको छ ।

# नागरिकता विधेयक प्रमाणित

**टुडे समाचारदाता**

काठमाण्डु । प्रतिनिधिसभामा उत्पत्ति भएर संघीय संसदबाट पारित भएको 'नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक' लाई सभामुख अग्निप्रसाद सापकोटाले आइतवार प्रमाणित गरेका छन् ।

उक्त विधेयक राष्ट्रियसभाबाट गत हप्ता पारित भएको थियो ।त्यस अघि प्रतिनिधि सभाबाट सो विधेयकलाई बहुमतबाट पारित गरिएको थियो । सभामुखबाट प्रमाणित भएसँगै उक्त विधेयक राष्ट्रपतिकोमा पठाइनेछ । राष्ट्रपतिबाट प्रमाणित भएपछि विधेयक कानून बनेर कार्यन्वयनमा आउनेछ ।

नेकपा एमालेले राष्ट्रपतिलाई विधेयक पारित नगर्न दबाब दिएको छ ।एमालेका उपाध्यक्ष प्रदीप ज्ञवालीले बहुमतको आधारमा पारित भएको विधेयक राष्ट्रहितमा नरहेकाले राष्ट्रपतिले रोक्नु पर्ने माग गरेका छन् ।

एमालेले २०७४ सालमा दर्ता गराएको नागरिकता सम्बन्धी विधेयकमा विवाह गरेको विदेशी नागरिकले ७ वर्षपछि मात्र वैवाहिक अंगीकृत नागरिकता पाउने प्रावधान राखिएको थियो ।


सरकारले त्यो विधेयक फिर्ता लिएर द्रूत प्रक्रियाबाट नागरिकता विधेयक पारित गराएको छ ।राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि जन्मसिद्धका सन्तानले वंशज र नेपालीसित विवाह गर्ने विदेशीले तत्कालै वैवाहिक अंगीकृत नागरिकता प्राप्त गर्न सक्ने छन् ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा
CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।
विशेषताहरू :
१. नेपाल रकारको विभिन्न स्वास्थ्य 'स्थामा काम गर्न एवं लोकेवा आयोगको परीक्षामा ामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवायी परिषद्ले तोकेको कार्यक्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल ञ्चालन वा काम गर्न किने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुका ाथै नेपालमै Bachelor in Dental Surgery (BDS)/MBBS पढ्न पाइने (+2 Science को मकक्षता)
फाराम भर्ने अन्तिम मिति २०७९ श्रावण २६ गते सम्म
प्रवेश परिक्षा २०७९ भाद्र ४ गते शनिवार बिहान ११ बजे देखि
विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL &
TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हा स्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851

सही तरिकाले मास्क प्रयोग गर्ने विधि



मास्क कसरी लगाउने ?
१. हात राम्रोसँग धुने
सफा फेस मास्क छुनुअघि राम्रोसँग साबुन पानीले हात धुने अथवा सेनिटाइजरको प्रयोग गर्ने ।
२. तपाईंको अनुहारमा मास्क राख्नुहोस्
मास्कको सेतो रङको भाग अनुहारतर्फ ल्याउनुहोस् । मास्कको अर्को भाग अन्य रङको हुन्छ, प्राय निलो रङको हुने गर्छ र सेतो डोरीलाई कान पछाडि ल्याएर अड्याउनुहोस् ।
३. नाकमा परेको भागलाई थिच्नुहोस्
नाकमाथि परेको मास्कको भागलाई हल्का थिच्नुहोस् ।
४. मास्कलाई चिउँडो मुनि तान्नुहोस्
मास्कको तल्लो भागलाई चिउँडो मुनि तान्नुहोस् । निश्चित गर्नुहोस् कि मास्कले सधैं तपाईंको नाक र मुख पुरै ढाक्दछ ।
५. मास्कलाई नछुनुहोस्
एक पटक तपाईंले आफ्नो अनुहारमा मास्क राम्रोसँग राख्नु भएपछि फेरी नछुनुहोस् । मास्क छोएमा केवल भाइरस सर्ने जोखिम बढ्दछ ।









मास्क कसरी फुकाल्ने ?
६. सावधानीपूर्वक मास्कलाई हटाउनुहोस्
केवल मास्कको किनार र कानको पट्टीहरू छोएर तपाईंको अनुहारबाट मास्क हटाउनुहोस् । मास्कको अगाडि नछुनुहोस्, किनकि त्यो दुषित हुन सक्छ ।
७. मास्कलाई फोहोर फाल्ने भाँडोमा फाल्नुहोस्
मेडिकल मास्क एक पटक मात्र प्रयोग गर्न मिल्छ / सकिन्छ । एक पटक मास्क हटाएपछि त्यसलाई फोहोर फाल्ने भाँडोमा फाल्नुहोस् ।
८. आफ्नो हात धुनुहोस्
मास्कको प्रयोग गरिसकेपछि आफ्नो हात साबुन पानीले धुनुहोस् ।
जिरा भवानी गाउँपालिका
सेढवा, पर्सा, मधेश प्रदेश

clear tv
SIM TV अब हर घर डिजिटल
MAX DIGITAL TV
NET TV DRIVEN BY INNOVATION
mero TV
Ch-44 Ch-146 Ch-48
टि भि टुडे जनकपुर घर घर सेट अप बक्समा TV TODAY janakpur

# रासस आबद्ध प्रेस युनियन केन्द्रीय पदाधिकारी एवं सदस्यको स्वागत

काठमाण्डु । नेपाल प्रेस युनियनको नवौँ महाधिवेशनमा निर्वाचित राष्ट्रिय समाचार समिति (रासस) मा कार्यरत पदाधिकारी एवं केन्द्रीय सदस्यलाई आइतबार रासस केन्द्रीय कार्यालयमा स्वागत तथा सम्मान गरिएको छ।



नेपाल प्रेस युनियन रासस प्रतिष्ठान शाखाले आइतबार यहाँ आयोजना गरेको कार्यक्रममा राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झा र शाखाका अध्यक्ष मोहिनी मिश्र रिसालले खादा, माला र अबिर लगाएर सम्मान प्रदान गर्नुभएको थियो।

नवौँ महाधिवेशनबाट खुला उपाध्यक्षमा केन्द्रीय कार्यालयका भीष्मराज ओझा, उपत्यका प्रतिष्ठान उपाध्यक्षमा केन्द्रीय कार्यालयका जीवन भण्डारी, केन्द्रीय सदस्यमा केन्द्रीय कार्यालयका छविलाल कुमाल, केन्द्रीय सदस्यमा दाङ तुलसीपुर शाखा कार्यालय प्रमुख नारायणी रजौरे र केन्द्रीय सदस्यमा निर्वाचित पाल्पा (रामपुर) का समाचारदाता सुशीला रेग्मीलाई फूलमाला एवं खादा लगाएर स्वागत तथा सम्मान गरिएको हो।

कार्यक्रमलाई सम्बोधन गर्दै कार्यकारी अध्यक्ष झाले लोकतन्त्र रहेन भने प्रेस स्वतन्त्रता कायम नहुने उल्लेख गर्दै राससबाट युनियनमा प्रतिनिधित्व गर्ने पदाधिकारी एवं केन्द्रीय सदस्यले लोकतान्त्रिक मूल्य, मान्यताका विषयमा जानकार भएर केन्द्रीय समितिमा प्रस्तुत हुनुपर्नेमा जोड दिनुभयो।

"निर्वाचित पदाधिकारी एवं केन्द्रीय सदस्यले राससलाई चिनाउन महत्वपूर्ण काम गर्ने विश्वास लिएको छु, आफ्नो अधिकार मात्र नभई राससको अधिकारका लागि पनि सबैले सोच्ने र काम गर्नुपर्ने अवस्था छ, पत्रकारिता नगरी युनियनलगायत प्रेससम्बन्धी सङ्घसंस्थामा बस्ने अधिकार रहँदैन", उहाँले भन्नुभयो। नेपाल प्रेस युनियन रासस प्रतिष्ठान शाखाका अध्यक्ष मोहिनी मिश्र रिसालले नेपाल प्रेस युनियन प्रजातन्त्रवादी पत्रकारको संस्था हो भन्दै देश र प्रजातन्त्रका साथै रासस र सबै पत्रकारको हकहितमा काम गर्न नवनिर्वाचित पदाधिकारीलाई आग्रह गर्नुभयो।

नवनिर्वाचित उपाध्यक्ष भीष्मराज ओझाले श्रमजीवी पत्रकारका मुद्दा र उनीहरुका हकहितमा युनियनले काम गर्ने प्रतिबद्धता जनाउनुभयो।

सो अवसरमा समाजवादी प्रेस सङ्गठनका कोषाध्यक्ष कृष्णराज गौतम, रासस प्रतिष्ठान शाखाका संस्थापक अध्यक्ष कृष्ण सापकोटा, नेपाल पत्रकार महासङ्घ रासस प्रतिष्ठान शाखाका अध्यक्ष पवित्रा गुरागाइँ, लगायतले श्रमजीवी पत्रकारको हकहितका पक्षमा काम गर्न युनियनका नवनिर्वाचित पदाधिकारी एवं केन्द्रीय सदस्यलाई सुझाव दिनुभएको थियो। रासस

# जितपुरसिमरामा ५३ करोड बेरुजु

टुडे समाचारदाता

बारा । जिल्लामा सबैभन्दा बढि बेरुजु जितपुरसिमरा उपमहानगरपालिकाको देखिएको छ । जितपुरसिमरा उपमहानगरपालिकाको बेरुजु रकम ५२ करोड ९५ लाख ९० हजार देखिएको हो ।



उपमहानगरपालिकाले प्रतिस्पर्धाबाट गर्नुपर्ने काम पनि उपभोक्ता समितिबाट गराएको महालेखापरीक्षकको कार्यालयको ५९ औँ प्रतिवेदनमा उल्लेख गरिएको छ। कुल पुँजीगत खर्चको ७६ प्रतिशत खर्च उपभोक्ता समिति बनाई खर्च गरिएको छ । आर्थिक बर्ष २०७७/०७८ को लागि उपमहानगरपालिका भित्रका पसाहा, बालगंगा र दुधौरा खोलाको बोलपत्र न्यूनतम ७ करोड ६७ लाख ९४ हजारमा आह्वान गरेकोमा सबैभन्दा बढी कबोल गर्ने जयमाता दी सप्लायर्सले रु १४ करोड ६७ लाख ७ हजार ९ सय ९१ रुपैयामा कबोल गरेकोमा बोलपत्र नसकारेका कारण दोस्रो बढी कबोल गर्ने बिनोद साह निर्माण सेवासँग १२ करोड ७६ लाख ७७ हजार ९ सय ९१ रुपैयामा सम्झौता गरेको थियो।

हालसम्म पनि बिनोद साह निर्माण सेवासँग ३ करोड १२ लाख रुपैया उपमहानगरपालिकाले असुल गर्न सकेको छैन् । प्रथम बढी कबोल गर्ने जयमाता दी सप्लायर्सले बोल कबोल नसेकाकारण उसको बोलपत्र जमानत ७ लाख ४० हजार जफत गरी आम्दानी जनाएपनि सार्बजनिक खरिद ऐन तथा नियमावलीमा उल्लेखित कुनै कारबाही गरेको छैन् । उपमहानगरपालिकालाई उक्त निर्माण कम्पनीलाई कालो सूचीमा सूचीकृत गर्न सम्बन्धित निकायमा पठाउनुपर्नेमा कार्यालयले कालो सूचीमा राख्न कारवाही नचालेको महालेखा परीक्षकको प्रतिबेदनमा उल्लेख गरिएको छ। २०७७ चैत्र मसान्त भित्र दाखिला गर्नुपर्ने रकमको लागि एनसिसि बैंकबाट जारी भएको रु ४ लाख २७ हजार बैक जमानत २०७८ साल जेठ ४ गते सम्म भएकोमा जमानत म्याद गुज्रेपछि दाबी गरेका कारण देखाउँदै बैकले जमानत रकम फिर्ता गर्न अस्वीकार गरेको छ।

महालेखापरीक्षकको कार्यालयको ५९ औँ प्रतिवेदन अनुसार जितपुरसिमरा उप महानगरपालिका कार्यालयको २०७८ असार ३१ गतेसम्म समाप्त आर्थिक कारोबारको लेखापरीक्षण गर्दा एक आर्थिक वर्षमा मात्र २४ करोड ६ लाख ६ हजार बेरुजू रकम ठहर भएको छ। प्राप्त प्रतिक्रियाबाट ६८ हजार फर्छयौँट गरेको छ भने १३ करोड ३९ लाख ९४ हजार असुल उपर गर्नुपर्ने देखाएको छ । त्यस्तै, रु ७ करोड ५ लाख कारोबारको प्रमाण कागजात पेश गर्नुपर्ने देखिन्छ । नियमित गर्नुपर्ने रु १ करोड २५ लाख २९ हजार देखिन्छ भने पेश्की बेरुजु रु २ करोड ३५ लाख १५ हजार देखिन्छ । आर्थिक बर्ष २०७६/०७७ मा रु ३६ करोड ९ लाख बेरुजु थियो । उपमहानगरपालिकाले २ करोड ९१ लाख ६७ हजार ५ सय ५८ रुपैया दरबन्दीबिनाको कर्मचारी नियुक्त गरेर खर्च गरेको छ। बेरुजु रकम प्रतिवर्ष थपिँदै जानु उपमहानगरको लागि पछि अहित हुने सङ्केत देखिएको छ।

नवनिर्वाचित जनप्रतिनिधिहरूको लागि बेरुजु रकम फर्छ्योट गर्नु अहिले चुनौतीको विषय भएको छ। कर्मचारीहरूले प्रलोभनमा तथा नेताहरूको दबाबमा परी जथाभाबी रकम निकास गरेपछि बेरुजु रकम बढ्दै गएको उपमहानगर स्रोतले जनाएको छ। मह्गो सामान खरिद गरेको तर जिन्सी खातामा उल्लेख समेत नगरी सो सामान कसले प्रयोगमा ल्याइरहेको भन्ने यकिन नभएपछि सामान खरिद बराबरको रकम बेरुजु भएको देखिन्छ।

त्यस्तै, सामान खरिद नगरी भुक्तानी मात्र दिएको देखिएपछि सो रकम बेरुजु भएको हो। यसैगरी, कोभिडको समयमा जथाभावी भत्ता रकम भुक्तानी दिएकोले पनि बेरुजु रकम बढेको प्रतिवेदनमा उल्लेख छ। कलैया उपमहानगरपालिकाको बेरुजु १२ करोड ५६ लाख ५६ हजार ,पचरौता नगरपालिकाको बेरुजु ५ करोड ८ लाख ८४ हजार ,निजगढ नगरपालिकाको बेरुजु २३ करोड ६४ लाख ४३ हजार ,सिम्रौनगढ नगरपालिकाको १२ करोड १५ लाख ९२ हजार ,महागढीमाई नगरपालिकाको बेरुजु १० करोड ३८ लाख ५ हजार र कोल्हबी नगरपालिकाको बेरुजु ११ करोड ८६ लाख ५४ हजार रहेको छ।

त्यस्तै सुवर्ण गाउँपालिकाको बेरुजु रकम २ करोड ८७ लाख ३३ हजार ,प्रसौनी गाउँपालिकाको बेरुजु रकम ५ करोड ११ लाख ३५ हजार ,फेटा गाउँपालिकाको ७ करोड ३८ लाख ७१ हजार ,परवानीपुर गाउँपालिकाको बेरुजु रकम १ करोड ७१ लाख ९६ हजार ,करैयामाई गाउँपालिकाको बेरुजु रकम ५ करोड ७४ लाख ४ हजार ,देवताल गाउँपालिकाको बेरुजु रकम ३ करोड ५५ लाख ४५ हजार ,बिश्रामपुर गाउँपालिकाको बेरुजु रकम ३ करोड १५ लाख १९ हजार ,बारागढी गाउँपालिकाको बेरुजु २ करोड ७५ लाख ६ हजार र आदर्श कोट्वाल गाउँपालिकाको बेरुजु रकम २ करोड ५३ लाख ९२ हजार रहेको छ। बारा जिल्लामा दुई वटा उपमहानगरपालिका ,पाँच वटा नगरपालिका र ९ वटा गाउँपालिका गरी १६ वटा स्थानीय तह रहेका छन्।

# सार्वजनिक खरिद नियमावलीको बाह्रौं संशोधन सकारात्मक : निर्माण व्यवसायी

काठमाण्डु । नेपाल निर्माण व्यवसायी महासङ्घ एसोसिएट समन्वय समितिको एघारौं भेलामा निर्माण व्यवसायीले सार्वजनिक खरिद नियमावलीको बाह्रौं संशोधन सकारात्मक भएको बताएका छन्।

कार्यक्रममा सहभागीले व्यवसायीमैत्री ऐन नियमका लागि निरन्तर खबरदारी आवश्यक भएको धारणा राखेका थिए। महासङ्घका मानार्थ सदस्यसमेत रहनुभएका सङ्घीय सांसद जीपछिरिङ लामा शेर्पाले निर्माण उद्योगको सुधारका लागि नियमावलीमा मात्र नभइ ऐनमै संशोधन आवश्यक रहेको टिप्पणी गर्नुभयो।

निर्माण उद्योगलाई समृद्ध बनाउन निर्माण व्यवसायीका साथै कर्मचारी पनि उत्तिकै जिम्मेवार हुनुपर्ने उहाँले बताउनुभयो । नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले सार्वजनिक खरिद नियमावलीको बाह्रौं संशोधन आएसँगै सङ्कटमा रहेको निर्माण उद्योगलाई राहत मिलेको बताउनुभयो।

"निर्माण उद्योगप्रति रहेको नकारात्मक प्रभाव चिर्दै यस पेसालाई सम्मानित बनाउने दायित्व व्यवसायीको काँधमा आएको छ", अध्यक्ष सिंहले भन्नुभयो । समृद्धिका सारथी निर्माण व्यवसायीबिना भौतिक पूर्वाधारको विकास विस्तारले गति लिन नसक्ने उहाँको भनाइ थियो।

महासङ्घका निर्वतमान अध्यक्ष विष्णुभाइ श्रेष्ठले निर्माण उद्योगको विकासबाट मात्र देशको समृद्धि सम्भव भएको धारणा राख्नुभयो । महासङ्घका वरिष्ठ उपाध्यक्ष आङदोर्जी लामा (एडी)ले व्यवसायीलाई आफ्नो क्षमता अनुसारको मात्र काम गर्न सुझाव दिनुभयो।

महासङ्घका महासचिव रोशन दाहालले विदेशीले जिम्मा लिएका नेपालका निर्माण परियोजनाको हालत अत्यन्त खराब रहेको बताउनुभयो।

विदेशी निर्माण व्यवसायीको तुलनामा नेपाली व्यवसायीले नै राम्रो काम गरेको उहाँको दाबी थियो । महासङ्घका उपाध्यक्ष समेत रहेका एसोसिएट समन्वय समितिका संयोजक रामजी पन्तले रु २५ लाखभन्दा बढीलाई रोजगारी दिएको निर्माण उद्योग चलायमान भए मात्र देशको अर्थतन्त्र मजबुत हुनसक्ने तर्क गर्नुभयो।

निर्माण व्यवसाय प्रबर्द्धन तथा व्यवस्थापन कार्यान्वयन समितिका अध्यक्ष शिवप्रसाद नेपालले निर्माण व्यवसायीले गरेका राम्रा कामको प्रचारप्रसार हुन नसकेको बताउनुभयो।

मुलुकमै निर्माण सामग्रीको उद्योग स्थापना गर्न व्यवसायीलाई उहाँले सुझाव दिनुभयो।रासस

# सञ्चार मन्त्रीद्वारा गुनासो नआउने गरी काम गर्न निर्देशन

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जनताबाट कुनै पनि गुनासो नआउने गरी काम गर्न निर्देशन दिनुभएको छ। मन्त्रायलले आइतबार आयोजना गरेको 'आर्थिक वर्ष २०७८/७९ को चौथो त्रैमासिक/वार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक' लाई सम्बोधन गर्दै मन्त्री कार्कीले मन्त्रालयको साख उच्च हुने र जनताको गुनासो नआउने गरी काम गर्न मन्त्रालयअन्तगर्तका निकायका प्रमुखलाई निर्देशन दिनुभयो।



सूचना प्रविधिको प्रयोगलाई उच्च महत्वका साथ टेलिफोन तथा इन्टरनेट सेवालाई व्यावहारिक रुपमै सर्भसुलभ, भरपर्दो र सर्वसाधारण पहुँचयोग्य बनाउने सरकारको योजना रहेको सुनाउँदै सरकारका प्रवक्ता कार्कीले पछिल्लो समयमा मन्त्रालयले सूचना, सञ्चार तथा प्रविधिको क्षेत्रमा दीर्घकालीनरूपमा सकारात्मक प्रभाव पार्ने गरी कार्ययोजना बनाइरहेको र ती योजना कार्यान्वयन भइसकेपछि मन्त्रालयको साख अझै उच्च हुने विश्वास व्यक्त गर्नुभयो।

आव २०७८/७९ बारे मन्त्री कार्कीले भन्नुभयो, 'हामीले अहिलेसम्म राम्रै गरेका छौँ, मन्त्रालयअन्तर्गत सबै निकायको कामबाट हामी असन्तोष हुनुपर्ने अवस्था छैन, तर यतिमै सन्तोष हुने हो भने जनताले अपेक्षा गरेअनुसार लक्ष्यमा पुग्न सक्दैनौँ, अब त्यतातर्फ केन्द्रित हुनुपर्ने आवश्यकता छ।'

संस्थालाई अगाडि बढाउन नेतृत्वले 'मोटिभेसन' गर्नुपर्नेमा जोड दिँदै उहाँले सुशासन, पारदर्शिता र जवाफदेहीता कायम राखेर सबैलाई जिम्मेवारीका साथ अगाडी बढ्नसमेत निर्देशन दिनुभयो।

गत आवमा १२२ माइलस्टोन योजना तोकेकोमा ६७ माइलस्टोन पूर्ण रुपमा कार्यान्वयन भएको, ४३ वटा माइलस्टोन योजना कार्यसम्पन्न हुने दिशामा अग्रसर भएको र ३२ माइलस्टोनहरु सुरु नै नभएको अवस्था रहेको मन्त्री कार्कीको भनाइ छ।

४२ वटा माइलस्टोनमा किन अपेक्षित सफलता हासिल हुन सकेन, ३२ वटा किन सुरु नै भएन भन्ने बारेमा समीक्षा गर्नुपर्नेमा मन्त्री कार्कीले जोड दिनुभयो।

उहाँले भन्नुभयो, 'हामीले योजनालाई अगाडि बढाउनका लागि कहाँ-कहाँ समस्या छन्, ती समस्यालाई समाधान गर्न सकेनौँ भने सधैँ हामी यस्तै समीक्षा बैठक गर्नेछौँ र यो मन्त्रालयले गर्न खोजेको काम फलानो अन्त्रालयले अवरोध गरेका कारण हामी अगाडी बढ्न सकेनौँ भन्ने कुरा हुन्छ, त्यसले गर्दा नीतिगत रुपमै त्यसलाई समाधान नगरिकन हाम्रो गति तेजीका साथ अगाडि बढ्न सक्दैन।'

मन्त्री कार्कीले मितव्ययिता अपनाउँदै पूँजीगत खर्चमा वृद्धि गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखेर आगामी दिनमा अगाडि बढ्न निर्देशन दिँदै हुलाक सेवाको आवश्यकताअनुसार अमयानुकूल बनाउँदै लैजाने प्रतिबद्धता व्यक्त गर्नुभयो।रासस

# ६० विघामा लगाइएको गाँजा नष्ट

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशमा ६० विघामा लगाइएको गाँजा नष्ट गरिएको छ । गत आर्थिक वर्षमा मधेश प्रदेशको ८ जिल्ला अन्तर्गत विभिन्न स्थानमा ६० बिघा साढे १७ कठा जग्गामा लुकाई छिपाई लगाइएको लागूऔषध गाँजाखेती नष्ट गरेको हो।

सशस्त्र प्रहरीको छुट्टाछुट्टै टोलीले सोही अवधिमा २६ सय ६७ किलोग्राम गाँजा बरामद गरी नष्ट गरेको छ । गाँजा लगायत लागूऔषध कारोबारमा संलग्न एकसय ७३ जना लाई पक्राउ गरी कानुनी कारबाहीको दायरामा ल्याउनुका साथै उनीहरुले प्रयोग गरेको ३५ थान सवारीसाधन सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ।

२०७८ साउन देखि गत साउन मसान्तसम्म मधेस प्रदेशको विभिन्न स्थान बाट सशस्त्र प्रहरीको गस्ती टोलीले झन्डै ३२ किलोग्राम चरेस, १०० ग्राम ७३ मिलिग्राम ब्राउनसुगर, ३७२० एम्पुल नर्फिन, ४ हजार ७३ एम्पुल डाईजिपाम, २६ सय ४३ एम्पुल फेनारगन बरामद गरेको छ।

त्यस्तै, २५ सय ९३ ट्याबलेट नाईट्रोभेट,१३ सय ६५ बोतल कोरेक्स, ६६ ट्याबलेट स्पाम र ५१८२ थान अन्य खुद्रा लागुऔषध ट्याबलेट बरामद भएको तथ्यांकमा उल्लेख रहेको छ।

मधेश प्रदेश अन्तर्गत ८ जिल्लासँग जोडिएको भारतीय बजारबाट लागूऔषध कारोबारीहरुले लुकिछिपी विभिन्न खाले ट्याबलेट, ईन्जेक्सन तथा झोल पदार्थ भित्र्याउने गरेका छन् । त्यसैगरी मकवानपुर, पर्सा, सिन्धुली लगायतको जिल्लामा अवैधरूपमा उत्पादन भएको लागूऔषध गाँजा मधेशका साथै तस्करहरुले भारतसम्म लैजान गरेको छ।

# इन्टरनेट कम्पनीमाथि मुद्दा

टुडे समाचारदाता

बारा । इन्टरनेट नचलेको कारण बाराका एक २२ बर्षीय विद्यार्थीले इन्टरनेट सेवा प्रदायक कम्पनीमाथि मुद्दा दायर गरेका छन् । वीरगंज महानगरपालिका वडा नं. ३२ का जितेन्द्र यादबले सिजि नेटको केन्द्रीय कार्यालयमाथि जिल्ला अदालत काठमाडौँमा मुद्दा गरेका हुन्।




हाल काठमाडौँबाट आफनो अध्ययन अगाडि बढाईरहेका उक्त विद्यार्थीले विभिन्न कम्पनीको काम इन्टरनेटबाट गर्ने गरेका छन् । बिभिन्न तीनवटा कम्पनीको सूचना विभागमा अपलोड गर्ने त्रैमासिक विवरण अपलोड गर्ने, अध्यावधिक गर्ने जस्ता विभिन्न कामकाजहरु पूर्ण रुपमा ठप्प भएका कारण सो कम्पनीहरुले क्षति ब्यहोर्न बाध्य भएको विद्यार्थीले दायर गरेको फिरादपत्र (मुद्दा)मा उल्लेख छ। जसबाट आफूलाई आर्थिक र मानसिक दुबै समस्याको सामना गर्नुपरेको यादबले फिराद पत्रमा उल्लेख गरेका छन्।

मुलुकी देवानी सहिता २०७४ को दफा ६७२ बमोजिम ईन्टरनेट सेवा प्रदायक कम्पनीले आफूलाई भएको क्षति वापतको रकम बहन गर्नुपर्ने प्रावधान रहेकाले सोही अनुसार १ सय २० घण्टा इन्टरनेट नचलेर आफूलाई २ लाख ७ सय ८३ रुपैयाँको क्षति भएको दावी गरिएको छ।२०७९ साल असार ३० गते दायर गरिएको फिरादपत्रमा उक्त रकम क्षतिपूर्तिवापत इन्टरनेट सेवा प्रदायक कम्पनीसँग माग गरिएको छ।


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन बृद्धि सञ्चय। |
| बृष | : शिक्षामा उन्नति। |
| मिथुन | : अवसर प्राप्त। |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख। |
| सिंह | : भ्रमण अवसर हुने। |
| कन्या | : प्रतिभा सम्पन्नता। |
| तुला | : पुरस्कार प्राप्त लाभ। |
| वृश्चिक | : नयाँ कार्य हुने। |
| धनु | : पारिवाहिक सुख। |
| मकर | : वाद विवादबाट बच्नु। |
| कुम्भ | : बौद्धिक क्षमता। |
| मीन | : सुख समृद्धि हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |

| | |
|---|---|
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सर्पको टोकाइबाट प्रअको मृत्यु

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा सर्पको टोकाइलेविद्यालयकाप्रधानाध्यापकको मृत्यु भएको छ । उपचारका क्रममा माइस्थान पब्लिक एकेडेमीका प्रधानाध्यापक युवराज श्रेष्ठको मृत्यु भएको हो ।

करेत सर्पले टोकेको थाहा पाएपछि श्रेष्ठ आफै मोटरसाइकल चलाएर सर्पदंश उपचार केन्द्र बर्दिबासस्थित गौरीडाँडामा पुगेका थिए । 'उहाँ सामान्य अवस्थामा आउनुभएको थियो, सर्पले टोक्यो भन्नुभयो । हामीले हेर्दा पछाडि ढाडमा र घाँटीनेर डसेको रहेछ,' उपचारमा संग्लन चिकित्सक इन्द्र केसीले भने ।

उपचारको क्रममा श्रेष्ठलाई राति झन्डै १२ बजे स्वासप्रस्वासमा निक्कै अफ्ठ्यारो परेपछि जनकपुर प्रादेशिक अस्पतालमा पठाउने तयारी गर्दागर्दै निधन भएको सर्पदंश उपचार केन्द्र गौरीडाँडाले जनाएको छ ।


'श्वासप्रश्वासमा निक्कै गाह्रो भएपछि हामीले स्टेचरमा हालेर एम्बुलेन्समा हाल्ने तयारी गर्दै थियौ । तर स्टेचरमै श्वासप्रश्वास बन्द भइसकेको थियो,' चिकित्सक केसीले भने, 'यदि भेन्टिलेटर भएको भए उहाँको ज्यान जोगिन्थ्यो ।'

सर्पले टोकेका बिरामीहरूको स्वासप्रस्वासमा समस्या पर्ने हुँदा सर्पदंश उपचार केन्द्र गौरिडाँडामा भेन्टिलेटरको माग हुँदै आएको छ । तर स्थानीय सरकार र सरोकारवाला निकायको मौनताले साँध्दै आएका छन् । उपचार केन्द्रको तथ्यांकअनुसार पाँच वर्षभित्र नौ सय ८० भन्दा बढी सर्पदंशका बिरामी उपचारका लागि भर्ना भएका थिए ।

चालु वर्षमा मात्र ३० भन्दा बढी मानिस उपचारका लागि भर्ना भएको केन्द्रको तथ्यांक छ । उपचारका लागि आउनेमध्ये पुरुषको तुलनामा महिलाको संख्या बढी रहेको सर्पदंश उपचार केन्द्र बर्दिवासका अध्यक्ष कृष्णप्रसाद देवकोटाले बताए ।

विश्व स्वास्थ्य संगठनका अनुसार नेपालमा वर्षेनी एक हजारभन्दा बढीले सर्पको टोकाइबाट ज्यान गुमाउँदै आएका छन् । सर्पको उच्च जोखिम रहेको तराईको २३ जिल्लामध्ये महोत्तरी अति संवेदनशील मानिन्छ ।

# भूकम्पबाट भोजपुरमा घर भत्कियो



भोजपुर । भूकम्पबाट भोजपुरमा एउटा घर भत्किएको छ । खोटाङ केन्द्र विन्दु भएर आइतबार बिहान गएको भूकम्पबाट भोजपुर नगरपालिका-१२ टक्सारमा प्रमोद हलवाईको घर भत्किएको हो ।

जिल्ला प्रहरी कार्यालयका अनुसार २०७२ सालमा गएको भूकम्पबाट चर्किएको सो घर जीर्ण बनेको थियो । यो बाहेक भोजपुरमा अन्य कुनै पनि भौतिक तथा मानवीय क्षति नभएको प्रहरीले जनाएको छ । राष्ट्रिय भूकम्प मापन केन्द्रका अनुसार आइतबार बिहान ८ बजेर १३ मिनेटमा खोटाङको मात्तिमबिर्ता केन्द्रबिन्दु भएर ६ रेक्टर स्केलको भूकम्प गएको हो । रासस

# मधुश्रावणी पर्व समापन



महोत्तरी । नवविवाहिता मिथिलानी (मिथिलाका नारी) ले आइतबार १३ दिने व्रत विधिको मधुश्रावणी पर्व समापन गरेका छन् । मिथिलामा मौना पञ्चमी भनिने साउन कृष्ण पञ्चमीका दिन सुरु गरेका यो पर्व नवविवाहिता मिथिलानीले आइतबार १३औँ दिनमा समापन गरेका हुन् । मिथिलामा नवविवाहिता वधुले साउन कृष्ण पञ्चमीदेखि साउन शुक्ल द्वितीयासम्म व्रत विधानमा रही त्यसै रात देब्रे घुँडामा 'टेमी' लिँदै भोलिपल्ट तृतीयाका दिन पर्व सम्पन्न गर्ने परम्परा छ ।

मिथिलामा प्रणय पर्वका रूपमा मानिने यो पर्व मिथिलानीले माइतीघरमा मनाउँछन् । यद्यपि बर्तालुको पूजा सरदाम (सामग्री), खाद्य सामग्री, नयाँ वस्त्र परिधान भने पति घरबाटै ल्याइएको हुनपर्ने परम्परा छ । पतिको दीर्घायु र प्रगाढ प्रणय सम्बन्धको कामना व्रतको अभीष्ट हुने गर्छ । भगवान् शङ्कर, देवी गौरी (पार्वती) र विषहरा नाग देवताको आराधना गरिने यो पर्वको १२औँ दिन राति पूजामा प्रयोग गरिने दियोमा बालिने बत्तीको लप्कोले बर्तालुको देब्रे गोडाको घुँडामा डाम्ने विधिलाई 'टेमी' भनिन्छ । 'टेमी' दिइएको ठाउँमा फोका उठे पति पत्नीबीच प्रेमसम्बन्ध अत्यन्त गाढा हुने विश्वास गरिन्छ ।

पछिल्ला केही वर्षयता भने नयाँ पुस्ताका मिथिलानीले 'टेमी' प्रचलनलाई परिष्कृत गरिनु पर्ने आवश्यकता औंल्याएका छन् । पर्वमा बर्तालुलाई बलेको बत्तीको लप्काले डाम्नुको सट्टा शीतल चन्दनको लेप उपयुक्त हुने नयाँ पिढीका मिथिलानीको भनाइ छ । मिथिलामा पछिल्ला केही वर्षयता यो चलन स्थापित हुँदै गएको मिथिलानी बताउँछन् । 'टेमी' विधि घर परिवारका सबैभन्दा श्रेष्ठ महिलाका हातबाट गराइने चलन छ ।

पर्व समापन भएपछि बर्तालुले पर्व अवधिभरि दिनहुँ पूजा गरिएका बेलपत्र र फूल सङ्ग्रह गरेर पवित्र नदी वा तलाउमा विसर्जन गर्छन् । विधिमा केही परिष्कारको कुरा उठेका र समयक्रममा ती स्थापित हुँदै जाने मैथिल बुद्धिजीवी बताउँछन् । पर्वको अभीष्ट नै पतिपत्नीबीच प्रेमसम्बन्धको प्रगाढता भएकाले यो परम्परा मैथिल संस्कृति र पारिवारिक सद्भाव वृद्धिमा सचेत रहेको मैथिल संस्कृतिका जानकार मटिहानीस्थित याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ (संस्कृत क्याम्पस) का साहित्य विषयका सहप्राध्यापक ध्रुव राय बताउनुहुन्छ ।

पर्वमा बस्तीभरिकै नवविवाहित जम्मा भएर हासपरिहास र सामूहिक गायनमा रमाउँछन् । यो पर्वमा बर्तालु र उनका सखीको वस्त्र परिधानको सजधज, सामूहिक प्रणयगान र 'फूललोढी' (फूल खोज्ने) विधिले सबैको ध्यान खिच्ने गरेको छ । शिव, पार्वती (गौरी) र ' विषहरा' (नागदेवता) को आराधना गरिने यो पर्वमा भोलिपल्टको पूजा अर्चनाका लागि एक दिनअघिको सन्ध्याकालमा सामूहिकरूपमा फूल खोज्न निस्कने विधिलाई 'फूललोढी' भन्ने गरिएको छ । पर्वमा भगवान् शङ्कर र देवी गौरीलाई बासी फूल चढाउने चलन छ ।

पर्व अवधि (१३ दिनभित्र) का प्रत्येक दिन सूर्यास्त हुनपूर्वको बेलामा प्रणयगान गाउँदै विशेष वस्त्र परिधानमा सजिएका मैथिल नवयौवना फूल खोज्ने विधिका लागि निस्कँदा सामान्य बटुवा पनि टक्क अडिएर गीतको भावमा डुब्छन् । ँभर्खरै विवाहित जोडीको प्रणय सम्बन्ध प्रगाढ बनाउने उद्देश्यभित्रको पर्वको 'फूललोढी' विधिमा निस्केका मिथिलानीको त्यही विषय भाव समेटिएका गीतका भावले जोसुकै बटुवा रोमाञ्चित हुने गर्छ । प्रणय सम्बन्ध रतिराग वर्णित भए पनि गीतका शब्द र भावले शिष्टता नाघेको भान हुँदैन ।

आमरूपमा प्रगाढ प्रणय सम्बन्धको अपिलमा सामाजिक शिष्टता नाघिने शब्द गीतमा हुँदैनन् । वर्षायाम प्रगाढ प्रणय सम्बन्धलाई अपिल गर्ने मौसम मानिन्छ । वनमा रमाउने मयुर पनि यसै मौसममा प्रणय सम्बन्धमा लीन हुन्छन् । यस्तो बेला नवविवाहिता जोडीबीच रतिरागदेखि भावनात्मकरूपमा एकाकार गराउनु पर्वको मुख्य पक्ष रहेको मिथिला संस्कृतिका जानकार बताउँछन् । त्यसैले यो पर्व नवविवाहिताका लागि खास हुने गरेको छ ।

पर्वमा नवविवाहिता मिथिलानी यौवनाको सखीहरुबीच भर्खरै सुरु भएको दाम्पत्य जीवनका कौतुहलता, पतिले देखाउने वास्ता र रतिरागसम्मका अनुभव साटासाट हुन्छन् । बेहुली भएर पति घर गएदेखि मधुश्रावणी मनाउन माइत आएबीचका अन्तरङ्ग अनुभव बर्तालुले सुनाउँदा विवाहयोग्य उमेर पुगेकी सखीको कौतुहलता उनको रातो बनेको गालाबाट अड्कल गर्न सकिने पाका मैथिल बताउँछन् ।

पहिले मिथिलाका ब्राह्मण, कायस्थ, देव र सोनार जातिका महिलाले मात्र मनाउने यो पर्व अब साझा भइसकेको छ । पतिघरबाट आएका सामग्री प्रयोग गरेर माइतमा मनाइने यो पर्व मिथिला लोक संस्कृतिको अभिन्न अङ्ग नै बनेको मिथिलानी बताउँछन् ।

पर्वमा शिव, पार्वती (मधुश्रावणी व्रत विधानमा पार्वतीलाई गौरी नाम दिइएको छ) र विषहराको दैनिक पूजाआराधना गरेपछि बर्तालुलाई घरकी ज्येष्ठ महिलाले मधुश्रावणी कथा सुनाउँछन् । यिनमा पौराणिक गाथामा आधारित मैना पञ्चमी, विषहरि, विहुला, मनसा, मङ्गला गौरी, पृथ्वीको जन्म, समुद्र मन्थन र सतीको कथा हुने गर्छन् । पर्वमा आफ्नो स्खलित भएको वीर्य भगवान् शङ्करले पातमा राखेका र त्यही वीर्यबाट पाँच नाग कन्याको जन्म भएको कथा प्रचलित छ । कुनै तलाउमा जलक्रिडाका बेला जन्मेका यी छोरी भेट्न शिव जाने गरेको र यो वृत्तान्त थाहा नपाएकी पार्वतीलाई पतिप्रति शङ्का बढेपछि पिछा गरेकी कथा छ । एकदिन छोरीहरुसँग खेलिरहेका पतिलाई देखेपछि क्रोधित भएकी पार्वतीलाई शिवले सबै कुरा बताएपछि क्रोध शान्त भएको प्रसङ्ग छ । पार्वतीलाई खुशी तुल्याएपछि शिवले साउन महिनामा यी नागिनीको पूजा गर्नेलाई सर्पको भय नहुने वरदान दिएबाट मधुश्रावणी पर्वमा विषहराको पूजा विधान सुरु भएको लौकिक जनविश्वास छ । देवी गौरी दाम्पत्य जीवन सुखद बनाउने र सबै मनोकामना पूरा गर्ने मानिएकीले उनको पूजाअर्चना नवविवाहिताले यसै अभीष्टका लागि सुरु गरेका मिथिला लोकसंस्कृतिका जानकार कर्मकाण्डका ज्ञाता बर्दिबास-२ का बासिन्दा पण्डित महेशकुमार झाको भनाइ छ ।

पर्वको मुख्य पक्ष नै नारी जीवनमा पतिप्रतिको स्नेह र सम्बन्ध प्रगाढ बनाउन केन्द्रित रहेकाले यससँग जोडिएर आउने ठट्यौली र हासपरिहासले पर्वको महत्ता उज्यालिएको पाका मिथिलानी बताउँछन् । प्राचीन वैदिक ग्रन्थ शिव पुराणमा कुष्ठरोग भएका आफ्ना पतिलाई ठिक गराउन मधुश्रावणी नाउँकी नवविवाहितालाई शिवले यो व्रत गर्न लगाएको प्रसङ्ग छ । शिवको आज्ञाअनुसार मधुश्रावणीका पति ठिक भएपछि पति कल्याण र आपसी सम्बन्ध प्रगाढताको कामना राखिने यो पर्व परम्परा चलेको विश्वास गरिन्छ ।

बर्तालुले साउन कृष्ण चौथी (चतुर्थी) का दिन पवित्र स्नान गरेर चोखोनितो बनेपछि व्रत सङ्कल्प गर्दछन् । व्रत अवधिभरि मन पवित्र बनाएर सात्विक भोजन गर्नु पर्ने विधान छ । सधैँ दिउँसोपछि सूर्यास्त हुनपूर्व सखीसहेलीका साथ हाँस्दै, खिल्लिँदै र प्रणयभावका गीत गाउँदै 'फूललोढी'मा निस्कनु र सङ्कलन गरिएका बेलपत्र र विभिन्न जातका फूल राति बासी राखेर भोलिपल्ट त्यसैले शिव, पार्वती र विषहराको पूजा आराधना गरेर कथा श्रवण गर्नु पर्वअवधिको दैनिक तालिका हो । बर्तालुले सधैँ बिहान पवित्र स्नान गरेर पूजाआराधना गरेर कथा श्रवण गरेपछि सात्विक भोजन गर्ने गर्छन् । पर्वमा अटल सौभाग्यकी देवी मानिने गौरीको पूजाआराधनाका लागि छुट्टै नैवेद्य बनाउने चलन पनि छ ।

माइतीघरको आँगन वा अन्य सुरक्षित ठाउँमा बनाइएको खास मण्डप (अरिपन) मा बसेर त्यहीँ देवता स्थापित गरेर यो पर्व मनाइन्छ । कूलदेवताको स्मरण गरेर सुरु गरिएको पूजाआराधनामा प्रत्येक दिनको पूजापछि माइती घरका ज्येष्ठ महिला सदस्यबाट बर्तालुले आशिर्वाद लिने गर्छन् । मधुश्रावणी नवविवाहिता वधुका लागि आरामको समय पनि हो । यही पर्वको निहुँमा साउनको व्यस्त खेतीका बेला माइती पुग्ने अवसर मिल्छ । विवाह भएको पहिलो वर्ष नै घरको गृहस्थीमा साउन मासमा निकै धपेडी पर्नसक्ने भएको हुँदा पनि माइतीमै यो पर्व मनाउने परम्परा बसेको हुनसक्ने बर्दिबास-२ का पाका मैथिल किशोरीलाल कर्णको ठम्याइ छ ।

# खीर खाएर मनाइयो साउन १५

काठमाण्डु । नेपाली समाजमा परापूर्वकालदेखि मनाउँदै आएको सांस्कृतिक पर्व साउन १५ आइतबार घरघरमा खीर खाएर मनाइएको छ । वर्षा ऋतुका बेला असार १५ गते दही चिउरा र साउन १५ मा खीर खाने प्राचीनकालदेखिको परम्परा नेपाली समाजमा रहँदै आएको छ । साउने झरी पर्ने बेलामा तातो खीरले स्वास्थ्यलाई राम्रो गर्ने भएकाले खाने गरिएको हो । दूधमा मरमसलालगायत चीजबीज हालेर बनाइने खीरले स्वास्थ्यमा राम्रो गर्ने भएकाले यसको परम्परा बसेको विश्वास गरिन्छ ।

संस्कृत भाषामा पायस भनिने खीर सात्विक आहार मध्येमा उत्तम मानिने भएकाले पितृ एवं देव कार्यमा पनि महत्वपूर्ण वस्तुका रूपमा वैदिक शास्त्रमा वर्णन गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वाध्यक्ष प्राडा रामचन्द्र गौतम बताउनुहुन्छ । साउनमा गाउँघरमा पनि खेतीपातीको काम सकिन्छ । हरियाली बढी हुने भएकाले घाँस बढी पाइन्छ । राम्रा धेरै घाँस पाइने बेलामा गाई, भैँसीले पनि धेरै दूध दिन्छन् । दूध धेरै भएपछि इष्टमित्र, चेलबेटीलाई घरमा बोलाएर खीर खाने चलन सुरु भएको हो ।

साउन भगवान् शिवको महिना हो । शिवलाई दूध र दूधमा बनेका परिकार मनपर्ने भएकाले विधिपूर्वक चढाइन्छ । यसैले गर्दा साउनको मध्य पारेर खीर खाने प्रचलन चलेको हुन सक्ने धर्मशास्त्रविद् गौतम बताउनुहुन्छ । तर यसको कुनै शास्त्रीय वचन वा प्रमाण भने छैन । ऋषिमुनिको पालादेखि नै श्राद्धलगायत पितृ कार्यमा निमन्त्रणा गरिएका ब्राह्मणलाई पायस अर्थात् खीर खुवाउने गरिएको थियो । अहिले पनि वैदिक सनातन धर्मावलम्बीले श्राद्धका दिन अनिवार्य रुपमा गाईको दूधमा पायस अर्थात् खीर बनाउँछन् ।

यसैगरी साउन महिनामा हरियो मकै धेरै पाइने भएकाले मकैको खीरसमेत बनाएर खाने चलन छ । खीर खाँदा देवतालाई चढाएर खानुपर्छ भन्ने धार्मिक विश्वास रहिआएको छ । नेपाली बृहत् शब्दकोशले 'दूधमा पकाइएको भात, दूधमा चामल, चिनी, मसला आदि हाली पकाइएको स्वादिष्ट खाद्य पदार्थ, पायस, तस्मै' भनी खीरलाई परिभाषित गरिएको छ ।

नेपाली समाजमा असार १५ गते दही चिउरा, साउन १५ गते खीर, भदौ १५ गते पोलेको मकै, पुस १५ गते घीउ खट्टे, माघ १५ गते मालपुवालगायत चीजबीज बनाएर इष्टमित्र एवं छोरी चेलीलाई बोलाएर खुवाउने र आफू पनि खाने लौकिक चलन रहिआएको छ ।

खीर खाने पर्वका रुपमा साउन १५ मनाइने भएकाले आज बजारमा दूधको बिक्री पनि धेरै भएको व्यवसायीले जनाएका छन् । धेरै स्थानमा दिउँसै दूध सकिएको थियो । गत वर्षदेखि साउन १५ लाई राष्ट्रिय दुग्ध विकास बोर्डले खीर दिवसका रुपमा घोषणा गरेको छ । दूधमा बनेका परिकारले कोरोनाजस्ता भाइरसबाट बचाउन सफल हुने भएकाले रोग प्रतिरोधी क्षमता वृद्धिमा सहयोग पुग्ने बोर्डले जनाएको छ ।

## एमाले केन्द्रीय कार्यालयमा खीर खाने कार्यक्रम




काठमाण्डु । नेकपा (एमाले) को केन्द्रीय कला, साहित्य तथा संस्कृति विभागले आइतबार साउन १५ को अवसरमा स्रष्टा भेटघाट तथा खीर खाने कार्यक्रम आयोजना गरी किसान संस्कृति मनाएको छ ।

सो अवसरमा सो पार्टीका अध्यक्ष केपी शर्मा ओलीले हाम्रा चाडपर्वहरूले टाढिन लागेका सम्बन्ध ताजा बनाइराख्ने बताउनुभयो । एमालेको पार्टी कार्यालय च्यासल (ललितपुर)मा आयोजित कार्यक्रममा अध्यक्ष ओलीले हाम्रा चाडपर्वहरू सांस्कृतिका खानी भएकाले त्यस्ता पर्वका नकारात्मक कुरालाई छोड्दै सकारात्मक पक्षलाई मनन गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा सो विभागका प्रमुख रघुजी पन्तले किसान संस्कृतिका रुपमा रहेको खीर खाने कार्यक्रमले आपसी भेटघाट र सद्भाव बढाएको बताउनुभयो । खीर खाने कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेती, नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठानका कुलपति केके कर्माचार्यलगायत विभिन्न नेता, संस्कृतिकर्मी, लेखक, कलाकार र पत्रकारहरुको सहभागिता रहेको थियो । रासस

# सरकारी कर्मचारी र सार्वजनिक पदमा कायम रहेको व्यक्ति दलको सदस्य हुन नसक्ने




काठमाण्डु । निर्वाचन आयोगले सरकारी कर्मचारी वा सार्वजनिक पदमा रहेको व्यक्ति संविधान र कानूनबमोजिम राजनीतिक दलको सदस्य हुन अयोग्य हुने पुनः स्पष्ट गरेको छ ।

आयोगले आइतबार विज्ञप्ति जारी गरी नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीको पदमा बहाल रहेको व्यक्ति तथा कुनै सार्वजनिक पद धारण गरेको कारणबाट संविधान तथा कानूनबमोजिम राजनीतिक दलको सदस्य हुन अयोग्य रहेको व्यक्ति कुनै राजनीतिक दलको सदस्य हुन नसक्ने स्पष्ट गरेको हो ।

केही दिनयता विभिन्न आम सञ्चारमाध्यमबाट सार्वजनिकरूपमासमेतराजनीतिक दलको सदस्यता वितरणका सम्बन्धमा विभिन्न टीकाटिप्पणी, बहस, छलफल, जिज्ञासा, चासो र चिन्ता व्यक्त भइरहेको प्रति आयोगको आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

आयोगले सोही व्यहोराको जानकारी गराई उपरोक्तअनुसार भए गरेको पाइएमा प्रचलित कानूनबमोजिम कारबाही गर्न नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहलाई निर्देशन दिएको छ ।

त्यसैगरी नेपालको संविधान तथा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ बमोजिम दर्ता भएका राजनीतिक दलहरुले दलको विधानबमोजिम सदस्यता वितरण गर्दा राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ (२) को पूर्णरूपले पालना गर्न गराउन र यसरी वितरण गरिएको सदस्यतासम्बन्धी विवरण निर्वाचन आयोगबाट माग गरिएको बखत उपलब्ध गराउन सक्ने गरी स्थानीय तह, प्रदेश तह र केन्द्रीय तहमा नेपाली नागरिकताको प्रमाणपत्र तथा निर्वाचन आयोगद्वारा जारी गरिएको मतदाता परिचयपत्रको आधारमा व्यवस्थित र अद्यावधिक गरी राख्ने व्यवस्था मिलाउन राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम सबै राजनीतिक दलहरुलाई निर्देशन दिएको छ ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १४ ले दलको सदस्यता वितरण गर्ने सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ र उक्त दफाको उपदफा (१) ले दलको विधानबमोजिम अधिकार प्राप्त पदाधिकारीले दलको सदस्यता वितरण गर्न सक्नेछ भनी व्यवस्था गरेको साथै उपदफा (२) ले सदस्यता वितरण गर्दा १८ वर्ष उमेर पूरा भएको, भ्रष्टाचार, जबर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा कैदको सजाय नपाएको पनि हुनुपर्ने आयोगले जनाएको छ ।

यसरी सदस्यता वितरण गर्ने र कुनै पनि व्यक्ति सम्बन्धित दलको सदस्यताका लागि योग्य भए/नभएको यकिन गर्ने जिम्मेवारी स्वयं राजनीतिक दलकै हुने र आफूले वितरण गरेको सदस्यको विवरण अद्यावधिक गरी दलको विधानबमोजिम स्थानीय तह, प्रदेश तह र केन्द्रीय तहमा राख्नुपर्ने दायित्व पनि सम्बन्धित राजनीतिक दलकै भएकाले राजनीतिक दलको सदस्यता वितरण तथा अद्यावधिक सम्बन्धमा आयोगले सबै राजनीतिक दलहरुलाई कानूनबमोजिम गर्न/गराउन स्मरण गराएको छ ।रासस

# ६२० मा कोरोना सङ्क्रमण पुष्टि, एकको मृत्यु

काठमाण्डु । देशभर पछिल्लो २४ घण्टामा ६२० जनामा कोभिड सङ्क्रमण पुष्टि भएको छ । यस अवधिमा एक जनाको सङ्क्रमणका कारण मृत्यु भएको छ ।

पछिल्लो २४ घण्टामा पाँच हजार ८४६ जनाको नमूना परीक्षण गरिएको थियो । दुई हजार ६५१ जनाको पिसीआर र तीन हजार १९५ को एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । गत २४ घण्टामा २९७ कोरोना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमण मुक्त हुनेको संख्या नौ लाख ७० हजार ६२ पुगेको छ । सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव तीन प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

पछिल्लो २४ घण्टामा २५ हजार ४३६ जनाले कोभिड विरुद्धको खोप लगाएका छन् । हाल सक्रिय सङ्क्रमितको संख्या चार हजार ५६७ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ९६७ पुगेको छ । होम आइसोलेशनमा चार हजार ४२४, संस्थागत आइसोलेशन १४३ र आइसियू ३३ र भेन्टिलेटरमा पाँच सङ्क्रमित रहेका छन् ।

हाल देशभरमा ५०० भन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्ला काठमाडौँ र ललितपुर तथा २०० भन्दा बढी सङ्क्रमित रहेका जिल्लामा मोरङ र कास्की छन् । शून्य सङ्क्रमित रहेका जिल्लामा मनाङ, कालिकोट, मुगु, हुम्ला, बाजुरा, दार्चुला र बझाङ रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा दुई हजार ६०५ र ललितपुर ५०५ र भक्तपुरमा ३७ सक्रिय सङक्रमित रहेको मन्त्रालयले जनाएको छ । रासस

# बिरामीलाई रगत निःशुल्क

वीरगञ्ज । पर्साको वीरगञ्ज महानगरपालिका-१० ले बिरामीलाई आवश्यक पर्ने रगत निःशुल्क रुपमा उपलब्ध गराउने भएको छ । बिरामीलाई आवश्यक पर्ने रगत निःशुल्क उपलब्ध गराउन वडा कार्यालय र रक्तसञ्चार केन्द्र, वीरगञ्जबीच सम्झौता भएको छ ।

विपन्न नागरिक बिरामी हुँदा रगत अभाव नहोस् भनेर रक्तसञ्चार केन्द्रसँग सम्झौता गरिएको वीरगञ्ज-१० का वडाअध्यक्ष साह कानुले बताउनुभयो । उहाँका अनुसार वडाले निःशुल्क रगत सेवाका लागि चालु आर्थिक वर्ष २०७९/८० मा रु तीन लाख बजेट छुट्याएको छ । वडाध्यक्ष कानुले नेपाल रेडक्रस सोसाइटी पर्साका मन्त्री शैलेन्द्र चौर सियालाई पहलो चरणमा रु एक लाखको चेक हस्तान्तरण गर्नुभयो ।

वीरगञ्जस्थित रक्तसञ्चार केन्द्रले एक युनिट रगतको रु एक हजार ५० सेवा शुल्क लिने गरेको छ । तर वडा नम्बर १० का बासिन्दाले वडा कार्यालयबाट सिफारिस लिएर गएमा निःशुल्क रगत प्राप्त गर्ने वडा कार्यालयले जनाएको छ । रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# कारबाहीमा चलखेल

नेपालमा नागरिकता सम्बन्धी मुद्दा सबै जिल्ला प्रशासन कार्यालयमा रहेकोछ । भारतको नागरिकताको आधार मानिएको मतदाता सूचीमा समेत नाम रहेका र नेपालको नागरिकता पनि लिएकाहरुको संख्या कम छैन् । त्यस मध्ये उजुरी नपरेका अथवा चर्चामा नआएकाहरुका लागि त समस्या नै भएन् । तर उजुरी परेकाहरुको पनि कारबाही समयमा नहुँदा उजुरीकर्ता निराश हुने र गलत ढंगले दुई देशका नागरिकको प्रमाण लिनेहरुको मनोबल बढने गरेको छ । नागरिकता सम्बन्धी मुद्दाको छानबिनको प्रक्रिया जिल्ला प्रशासन कार्यालयबाट नै खासमा सुरु हुन्छ । तर त्यहाँ नै हुने आर्थिक चलखेलको कारण नागरिकता सम्बन्धी कारबाहीको प्रक्रिया अगाडि बढदैन् । लामो समय कारबाहीमा लाग्दा गलत गर्नेले अर्को चाँजोपाँजो मिलाएर अगाडि बढने गरेका छन् । कसै पनि नागरिकता माथि उजुरी परे त्यसको छिनोफानो तत्काल ने गर्नुपर्ने बाध्यात्मक कानून बनाउनुपर्ने आवश्यकता छ । जिल्ला प्रशासनबाट नागरिकता उपलब्ध गराइने भएकाले त्यसको सम्पूर्ण रेकर्ड सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा नै हुन्छ । त्यसले कारबाहीको प्रक्रियालाई तत्काल अगाडि बढाउन सहज नै हुनेछ । नागरिकता सम्बन्धी उजुरी परेपछि तत्काल छानबिनगरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयले निर्णय नलिए कारबाहीको व्यवस्था हुनुपर्छ । नागरिकता माथि उजुरी पर्ने भनेको जिल्ला प्रशासन कार्यालयमा आर्थिक चलखेलको स्रोत बढनु हो । त्यो प्रवृतिलाई तत्काल समाप्त गर्नुपर्छ । नेपालको प्रचलित नियम कानून विपरीत विवरण ढाँडेर नागरिकता प्राप्त गर्नेलाई हदैसम्मको कारबाही हुने कानून बनाइनु पर्छ । जिल्ला प्रशासनमा कर्मचारीहरुका लागि गलत विवरण भएको नागरिकता पनि कमाईको भाँडो बनेको छ । पर्सा जिल्लाको वीरगञ्ज महानगरपालिका वडा नम्बर ८ बस्ने नरेश साह कानु सर्लाही जिल्लाको तत्कालीन गाउँ विकास समितिबाट जन्मको आधारमा नागरिकता लिएका छन् । तर उनी भारतको रिगा विधान सभा क्षेत्र र शिवहर संसदीय निर्वाचन क्षेत्रको मतदाता पनि हुन् । भारतमा नेपाल जस्तो नागरिकता छैन् । त्यहाँको आधारकार्डलाई भन्दा पनि मतदाता सूचीलाई नागरिकता सरहको प्रमाण पत्रको मान्यता दिएको छ । भारतको मतदाता सूचीमा नाम रहेको र नेपाली नागरिकता लिएको ठहरे त्यस्ता व्यक्तिलाई जेल र जरिवाना दुवै सजायको व्यवस्था छ । कतिपयले जेल र जरिवाना दुवै सजाय काटेका छन् । कतिपयले सजाय काटिरहेका छन् । तर कतिपयलाई कानूनले छुन सकेको छैन् । कानून विपरित छलगरी नागरिकता लिएकाहरुलाई कारबाही आवश्यक छ । सबैका लागि कानून बराबर हुनुपर्छ । तर अहिले कमजोर आर्थिक अवस्था भएकाहरुलाई जेल सजाय दिने गरिएको छ । तर आर्थिक रुपमा सम्पन्नहरुलाई कानूनले छुनै सकेको छैन् । यस्तो विभेद गर्ने अधिकारी अथवा न्यायाधीशलाई कारबाहीको दायरामा ल्याउनु पर्छ । नागरिकता देशको पहिचान हो । त्यो पहिचान नेपालीलाई राज्यले अनिवार्य रुपमा उपलब्ध गराउनै पर्छ । तर विवरण ढाँटेर नेपालको पहिचान लिनेलाई कारबाहीमा कुनै कसर बाँकी राख्न हुँदैन् ।

# बेरुजुको बढ्दो आयतनले समस्या निम्तयाउने



श्रीमन नारायण

दक्षिण एसियाकै एउटा देश श्रीलंकाको अवस्थावाट सतर्क भई देशमा आर्थिक अनुशासन कायम गर्ने प्रयास भएन भने हाम्रो अवस्था झन डर लाग्दो हुनेछ । सरकार हाँक्ने राजनीतिज्ञहरु र कर्मचारीमा वितिय अनुशासन नहुँदा बेरुजुको आयतन पाँच वर्षमै दोब्बर भएको छ । सरकार आफैले बनाएका ऐन नियम विपरित बजेट खर्च गर्ने तर महालेखा परीक्षकको कार्यालयले औल्यायको बजेटको बेरुजु फर्स्यौटमा लापरवाही गर्ने प्रवृतिले वार्षिक रुपमा बेरुजुको आयतन बढ्दै गएको हो । सुशानको निम्ति राज्यले अनेकौसँस्था खडा गरेको हुन्छ । सरकारको कामको सन्तुलन र नियन्त्रणका निम्ति संवैधानिक निकायको पनि सिर्जना गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग र महालेखा परीक्षक जस्ता निकायको काम राजयका काममा निरन्तर खबरदारी गर्नु हो ।माहालेखा परीक्षकले प्रत्येक वर्षको प्रतिवेदन राष्टपति समक्ष सुम्पने गर्दछ । यसको उद्देशय मुलुकको आर्थिक अनुशासनको अवस्थाबारे अवगत गराउनु हो ।सरकारले महालेखा परिक्षकको सुझाव र सल्लाह अनुसार पाईला चालने काम गरेमा आर्थिक अनुशासन,पारदर्शीता र जिम्मेवारीपन रहनेछ । माहालेखा परिक्षक द्रारा हालै प्रस्तुत गरिएको आर्थिक वर्ष २०७७-०७८ को लेखा परीक्षण प्रतिवेदन बुझाएपछि अहिले देशको आर्थिक अवस्थावारे चर्चा हुन थालेको छ र देश कतै श्रीलंकाको बाटोमा त गईरहेको छैन ? भन्ने आशंका पनि व्यक्त भईरहेका छन् ।

मुलुकको बिग्रिदो आर्थिक अनुशासनवाट सवै अवगत छन तर देशका जिम्मेवार राजनितिक दलहरु यसलाई रोक्नमा पहल गर्न तयार छैनन् । अनियमितताका विषय आईरहँदा यसमा गम्भिर भई राजनितिकदलहरुले सुधारको प्रयास गर्नु पर्नेमा पुरानै गलतिलाई निरन्तरता प्रदान गरिरहे । आर्थिक अनुशासन नभएको मुलुक दुर्घटनामा पर्नु अवश्यमभावी छ । लोकतान्त्रिक शासन व्यवस्था फस्टयाउन आर्थिक अनुशासन अथवा सुशासन चाहिन्छ नै। बेरुजको आयतन तीनवटै तहको सरकारमा रहेको पाईन्छ ।

यो स्थानिय तहमा बढी देखिन्छ । पारदर्शिता नभएको र आफ्नो आसेपासेलाई पोस्ने अर्थतन्त्रले मुलुक दुर्घटनामा पर्नु स्वभाविक हुन्छ । सन्तुलन र नियन्त्रलाई शासनको प्रमुख आधार मानेर अगाडी बढनु नै देशहितमा हुनेछ ।आर्थिक अनुशासनहीनता कति भयावाह भएको छ भने कुल बेरुजु मध्ये एक तिहाई असुल उपर गर्नुपर्ने गरी अनियमितता गरिएको छ । असुलउपर गर्नुपर्ने गरी आर्थिक अनुशासन कायम नगरेको रकमलाई महालेखा परीक्षकको प्रतिवेदकको अनियमितता नभएको संकेत गर्दछ ।

महालेखाका अनुसार पहिल्ला पाँच वर्षमा बेरुजु रकम दोब्बर भन्दा धेरैले बढेको छ । आर्थिक वर्ष २०७३-०७४ मा मुलुकको कुल बेरुजु २ खर्ब २१अर्ब रुपैया मात्रै थियो । पछिल्लो प्रतिवेदन २०७७-०७८ मा आउदो बेरुजु ८ खर्ब ८३ अर्ब पुगेको छ । मुलुकको तिनैतहका सरकारी निकायको वार्षिक रुपमा फर्छौट गर्ने भन्दा उठाउने बेरुजु धेरै भएकाले प्रत्येक वर्ष रकम थपिदै गएको हो । महालेखा परीक्षकका पछिल्ला प्रतिवेदन हेर्ने हो भने कुनै पनि निकायले बेरुजु फर्छ्यौटमा ध्यान दिएको देखिएन । आर्थिक वर्षको प्रतिवेदनमा तीनै तह समिति र संस्थामा १ खर्ब १५ करोड रुपैया बेरुजु फेला पारेको छ ।आर्थिक वर्ष २०७३-०७४सम्म कुल बेरुजु २ खर्ब २१ अर्ब रुपैया रहेकोमा त्यस वर्ष सरकारीकार्यालयहरुले ५२ अर्ब रुपैया मात्र बेरुजु प्रस्यौट गरेका छन् ।

कानुनले बेरुजु फर्छयौट गर्ने जिम्मेवारी कार्यालमा लेखा प्रमुखलाई तोकेको छ । तर उनीहरुलाई कुनै पनि कानुनले बाध्यकारी बनाउन सकेको छन्। विगतमा निश्चित प्रतिशत बेरुजु प्रछ्यौट नगर्ने कार्यालयलाई कोष तथा लेखा नियन्त्रकको कार्यालयले निकासा रोक्ने प्रचलन थियो,त्यसले बेरुजु फर्छयौटमा ठुलो सफलता मिलेको थियो तर पछिल्ला वर्षहरुमा यो नियमलाई हटाईयो । सबै बेरुजु रकम भ्रष्टाचार नै हुदैन । महालेखाले बेरुजुलाई मुख्य रुपमा असुल गर्नु पर्ने, नियमित गर्नुपर्ने र पेश्की बेरुजु गरी तीन किसिमवाट वर्गिकरण गर्दै आएको छ ।

यी मध्ये असुल गर्नुपर्ने सबैभन्दा बढी अनियमितता भएको बेरुजु रहेको छ । कुल बेरुजुको एकतिहाई असुल गर्नुपर्ने ठहर गर्नुको अर्थ एक किसिमले भ्रष्टाचारको संकेत हो । यसले मुलुकमा भएका भ्रष्टाचार र कुशासन रहेको देखाउँछ । मुलुकका तिन तहका सरकार मध्ये सबै भन्दा बढी अराजकता स्थानिय तहमा रहेको पाईएको छ ।अधिकांश स्थानिय तहले कानुनको धज्जि उडाउदै खर्च गरेको छ ।

अनियमिततामा संलग्न सबै निकायको प्रवृती उस्तै छ । स्कुलमा बालबालिका निम्ति व्यवस्था गरिएको दिवा खाजाको रकममा समेत अनियमितता भएको छ । कोभिड-१९ नियन्त्रणको नाममा ९२ अर्ब खर्च भएकोमा ६० अर्ब रुपैया खर्चको कुनै हिसाब नै छैन । कमिशनको निम्ति सामान खरिद गर्नु र काम गर्ने लायक नदेखिएपछी त्यसलाई भत्क्याउने काम हुदै आएको छ । जबसम्म कसैको जवाफदेही निर्धारण हुंदैन तबसम्म यस्तै रहनेछ।

प्रादेसिक सरकारहरुको अनियमितता झनै डर लाग्दो छ । मधेश प्रदेशमा कुल बेरुजु ५ अर्ब ६८ लाख देखिएको छ । जसमध्ये आर्थिक वर्ष २०७७-०७८मा थपिएको बेरुजु २ अर्ब १३ करोड रहेको छ । मधेश प्रदेशको सरकारले सर्वाधिक उपलब्धिको कार्यक्रम बताएको साइकल बितरण कार्यक्रममा ब्यापक अनियमितता भएको विषयको छानविन अख्तियारले गरिरहेको छ । मुख्यमन्त्री कार्यालयमा नै छापामारी परेको थियो । नेपाल बाहेक विश्वका अन्य कुनै पनि देशमा यस्तो घटना भएकाभए नैतिकताको आधारमा मुख्यमन्त्रीको राजिनामा आईसकेको हुन्थ्यो ।

महालेखाको वार्षिक प्रतिवेदन अनुसार सभामुख, उपसभामुखको सेवा सुविधा सम्बन्धी ऐन तथा प्रदेश सभाको स्विकृत दरबन्दी समेतमा राजनितिक सल्लाहकारर प्रेस सल्लाहकार रहने ब्यवस्था छैन । तर सचिवालय ब्यवस्थापन तथा सन्चालन समितिको १५ माघ ०७६ को निर्णयबाट राजनितिक सल्लाहकारलाई सात लाख ६९ हजार र प्रेस सल्लाहकारलाई चार लाख ३२ हजार पारिश्रमीक भुक्तानी दिईएको छ । आर्थिक कार्यविधि तथा वितिय उत्तर दायीत्व ऐन २०७६ को दफा २४(२) मा उचित प्रतिफल गर्ने गरी मितब्यी तरिकाले खर्च गर्ने ब्यवस्था छ ।

पोखरी सौन्दर्य करण सम्बन्धी चारवटा पोखरी शिलान्यास तथा साइकल वितरण कार्यक्रमको सुरुवात गर्न आयोजित कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यकालले एक हजार देखि एक हजार पांच सयसम्म ब्यक्तिलाई खाना तथा खाजा खुवाएको २० लाख ६४ हजार भुक्तानी गरेको छ । गहन छानविन भयो भने शिलान्यास कार्यक्रमको नाममा सम्बनधित मन्त्रालयको जिल्ला स्तरीय कार्यालय र स्थानिय नगरपालिकाले पनि खर्च गरेको अवश्य नै प्रमाणीत हुने छ ।

मधेशसका जनताको जीवन स्तरमा सुधार ल्याउन, अधिकार सम्पन्न बनाउने तथा आत्म निर्भर बनाउने दावी गर्दै आएको मधेशी मसिहाहरुको पार्टीको सरकारले मधेश प्रदेशलाई भत्ताको नाममा विकृतीको चरम रुपमा प्रदर्शन गरेको छ । कार्यालय सन्चालन भएको दिन कार्यालय समय बाहेक विहान बेलुका आधा घण्टा देखि एक घण्टा सम्म प्रतिदिन आठ वटासम्म बैठक बसेको भत्ता वितरण गरेको भेटिएको छ । एक जनाको एक दिनको बैठक भत्ता ३२ हजार रुपैया सम्म प्राप्त गरेको भेटिएको प्रतिवेदनमा उल्लेख छ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालयले आर्थिक वर्ष २०७७-०७८ मा पांचवटा तालिम, गोष्ठी कार्यक्रममा मात्र ५२ लाख २३ हजार खर्च गरेको छ । त्यसमध्ये खाना खाजामा मात्र २० लाख २१ हजार खर्च देखाइएको छ । लुम्बनी प्रदेशमा तलबी प्रतिवेदन विना नै कर्मचारीहरुलाई कार्यालयको निम्ति मासिक सुविधा दिएको छ । प्रदेश नं.१ को मुख्यमन्त्रीको राजधानीस्थित सम्पर्क कार्यालयको निम्ति मासिक पौने तीन लाख भाडा दिने काम हुदै आएको छ ।यही अवस्था रहि रहयो भने नेपाल पनि श्रीलंका बन्न धेरै समय लाग्ने छैन । यस्को निम्ति तिनै तहको सरकार तथा सरकारलाई चनाखो गर्न नसक्ने सबै पक्ष एक समान जिम्मेवार मानिने छन ।

# चिनियाँ लङ मार्च फाइभबी रकेटको भग्नावशेष कसरी पृथ्वीमा खस्यो ?

**बीबीसी**

चीनले समानसहित आफ्नो अन्तरिक्ष केन्द्रमा पठाएको एउटा रकेटको भग्नावशेष अन्तरिक्षबाट पृथ्वीमा खसेको अमेरिकी र चिनियाँ अधिकारीहरूले बताएका छन् । उनीहरूका अनुसार लङ मार्च फाइभबी रकेटका भग्नावशेषहरू हिन्द महासागर र प्रशान्त महासागरमा खसेका हुन् ।

चिनियाँ अन्तरिक्ष निकायका अनुसार उक्त रकेटको अधिकांश भग्नावशेष वायुमण्डलमा जलेको थियो। प्रशान्त महासागरस्थित सुलु सागरमा रकेटको मुख्य भाग अवतरण गरेको उसले जनाएको छ । अन्तरिक्षविज्ञहरूले उक्त रकेट मानवबस्ती भएको स्थानमा खस्ने सम्भावना निकै कम भएको यसअघि बताएका थिए ।

**भग्नावशेष कहाँ खस्यो ?**

रकेटको 'कोर स्टेज' भनिने आधार भूत संरचना यसरी अनियन्त्रित रूपमा पृथ्वीमा आएका कारण अन्तरिक्षमा हुने फोहोरको उत्तरदायित्वसम्बन्धी प्रश्न उठेको छ । अमेरिकी अन्तरिक्ष प्रशासन नासाले चिनियाँ अन्तरिक्ष निकायलाई रकेट पृथ्वीमा फर्किँदा ससाना टुक्रा हुनेगरी विघटित हुने खालको अन्तर्राष्ट्रिय प्रचलनअनुसारको ढाँचा बनाउन आग्रह गर्दै आएको छ । यूएस स्पेस कम्यान्डले एउटा ट्वीट गर्दै लङ मार्च फाइभ "७/३० मा एमडीटीअनुसार झन्डै १०:४५ बजे बिहान, १६:४५ जीएमटी हिन्द महासागरमा पुनः प्रवेश गरेको" जनाएको छ । थप जानकारीका लागि उसले चिनियाँ अधिकारीहरूले उपलब्ध गराएको विवरण हेर्न सुझाव दिएको छ । चिनियाँ अन्तरिक्ष निकायले रकेटको मूल भाग पृथ्वीमा फर्किएको स्थान ११९ डिग्री पूर्व देशान्तर र ९.१ डिग्री उत्तर अक्षांश भएको जानकारी दिएको छ । उक्त स्थान उत्तरी प्रशान्त महासागरमा अवस्थित सुलु सागरमा पर्छ सो स्थान फिलिपिन्सको पलावान द्वीपभन्दा पूर्वमा छ ।

**चिनियाँ रकेटबारे के थाहा छ ?**

चीनले अन्तरिक्षमा आफ्नो छुट्टै केन्द्र बनाइरहेको छ। ट्येन्गूङ नामक उक्त केन्द्रतिर प्रक्षेपित रकेटहरूमा पृथ्वीतिर फर्किँदा नियन्त्रण गर्न सकिने क्षमता छैन।चीनले गत आइतवार एउटा ल्याब मोड्यूलसहित लङ मार्च फाइभ रकेट ट्येन्गूङ केन्द्र पठाएको थियो । चीन सरकारले बुधवार उक्त रकेट फर्किँदा सम्भवतः समुद्रमा अवतरण गर्ने भएकाले मानिसहरूलाई कम जोखिम भएको बताएको थियो । यद्यपि रकेटका टुक्राहरू मानवबस्ती



भएको स्थानमा खस्न सक्ने सम्भावना भने थियो। सन् २०२० को मे महिनामा रकेटको टुक्रा आइभोरी कोस्टमा खस्दा केही क्षति पुगेको थियो।समुद्रमा बज्रिनुअघि रकेटको रित्तो भाग पृथ्वीवरिपरि अण्डाकार कक्षमा थियो ।

भूउपग्रह सञ्चालकहरूले हिजोआज वायुमण्डलमा पुनः प्रवेश गर्दा आफैँ टुक्राटुक्रा हुने खालका वस्तुको ढाँचा बनाउन प्राथमिकता दिन्छन्। त्यसका लागि कम तापक्रममा पग्लिने आल्यमिनिअमजस्ता धातु प्रयोग गरिन्छ । तर रकेट बनाउन त्यसो गर्दा मूल्य निकै बढी हुन जान्छ। इन्धन भण्डार गर्ने भाग बनाउनका लागि प्रयोग हुने टिटेनिअमजस्ता तत्त्वका लागि निकै उच्च तापक्रम चाहिन्छ। अनि रकेटको आकारबारे पनि विचार गर्नुपर्ने हुन्छ। लङ मार्च फाइभको तौल २५ टनजति थियो । लङ मार्च फाइजको जस्तै संरचना भएका दुईवटा रकेट यसअघि दुई चोटि प्रक्षेपण गरिसकिएको थियो। मे २०२० र मे २०२१ मा ती रकेटले ट्येन्गूङ स्टेशनमा विभिन्न सामग्री लगेका थिए ।

दुवै खेप रकेटको कोर स्टेजका भग्नावशेषहरू पृथ्वीमा खसेका थिए। एक पटक आइभोरी कोस्टमा र अर्को पटक हिन्द महासागरमा। त्यसअघि सन् २०१८ मा पहिलो पटक प्रक्षेपित प्रोटोटाइपको भग्नावशेष प्रशान्त महासागरमा खसेको थियो । ती कुनै पनि घटनामा मानिसहरू हताहत भएनन्। तर विभिन्न अन्तरिक्ष निकायहरूले तिनको आलोचना गरेका थिए । मङ्गलवार चिनियाँ सरकारी समाचारपत्र ग्लोबल टाइम्सले पश्चिमा सञ्चारमाध्यमहरू अमेरिकाको नेतृत्वमा लङ मार्च फाइभको तेजोबध गर्ने अभियानमा लागेको आरोप लगाएको थियो ।

**चिनियाँ अन्तरिक्ष केन्द्रमा के छ ?**

यसपालि लङ मार्च फाइभ रकेटले चिनियाँ अन्तरिक्ष केन्द्रका लागि आवश्यक तीनमध्येको दोस्रो मोड्यूल लगेको थियो । वेन्ट्येन नाम दिइएको उक्त ल्याब मोड्यूल १७.९ मिटर लामो छ ।यो मोड्यूल उक्त स्टेशनमा हुने दुईमध्ये एउटा प्रयोगशाला हुनेछ । चीनले गत वर्ष एप्रिल महिनादेखि उक्त अन्तरिक्ष केन्द्र निर्माण गर्न थालेको हो। पहिलो पटक पठाइएको ट्येन्ख नामक मोड्यूलमा अन्तरिक्षयात्रीहरू बस्ने प्रबन्ध मिलाइएको छ ।यो वर्षको अन्त्यसम्म चीनले ट्येन्गूङको निर्माण सम्पन्न हुने अपेक्षा गरेको छ ।

# डाक्टर-प्रशासक एक चुनौती



पारस अधिकारी

सबैको आआफ्नो कार्यक्षेत्र रहन्छ। बिरामीलाई सही मात्रामा सही औषधि दिएर रोगको प्रवृति अनुरुप उपचारपश्चात बिरामीको रोग निको पार्ने डाक्टरको भुमिका रहन्छ। बिरामीलाई उपचार गराउन विभिन्न रिसर्च लगाएत इभिडेन्समा रहेर गरिने उपचार प्रभावकारी मानिन्छ। जुन इभिडेन्स बेस्ड प्राक्टीसले आगामी दिनहरुमा अन्य बिरामीहरुमा सेवा प्रभावकारी रहन्छ। बिरामीको सुक्ष्म अध्ययनले डाक्टरहरुलाई सफलता मिल्ने र बिरामीलाई सहज हुने संसारमा चल्दै आएको प्राक्टीस हो। प्राय डाक्टरहरु आफ्नो बिधामा अब्बल हुन्छन् र बिरामीहरु उक्त डाक्टरलाई भेट्न टाढाटाढाबाट धाउने गर्दछन जुन डाक्टर हरुको विशेषता हा। तर त्यही डाक्टरद्धारा व्यवस्थापनको भुमिका चुनोतीपूर्ण रहने गर्दछ। त्यसको उदाहण हो स्वास्थ्य बिमा बोर्ड लगाएत विभिन्न सरकारी अस्पतालका व्यवस्थापकीय भूमिकामा रहेका डाक्टरहरु ।

व्यवस्थापन प्रत्यक्ष डाक्टर र नर्सको पेशा भन्दा अलगै रहने गर्दछ। यसमा अस्पताल वा स्वास्थ्य सेवा व्यवस्थापनका लागि छुट्टै विषयगत तथा प्रयोगात्मक सिकाईबाट अस्पताल तथा स्वास्थ्य सेवा व्यवस्थापन सम्बन्धी जिम्मेवारीका विषयमा रहने गर्दछ। अस्पतालमा क्लिनिकल सेवा, नसिङ्ग सेवा, डाइग्नोष्टिक सेवा, सपोर्टीभ सेवा रहने गर्दछ। यो सम्पूर्ण सेवाहरुको एकै ठाउँबाट बिरामीलाई सेवा मिलाउने नै स्वास्थ्य सेवा हो। संचालन गर्नु र गुणस्थर कायम गर्नु चुनौतिपूर्ण मानिन्छ। संस्थाहरु जेन तेन संचालन त रहन्छन तर गुणस्तरको कुनै सुनिश्चितता नहुने हालको अवस्था छ। ठाउँ ठाउँमा स्वास्थ्य संस्थाहरु त छन् तर कस्ता छन्, कस्ता तहका कर्मचारीहरुबाट सेवा सुचारु छन् र त्यो बिरामी वा बिरामीका आफन्तहरुलाई सुनिश्चित गराउनु नै गुणस्तर हो जसको लागि अस्पताल ब्यवस्थापकको भूमिका हुन्छ ।

कति सुन्नमा पनि आएका छन्। कही डाक्टरको दरबन्दी छ तर डाक्टर छैनन्, कहिँ जनशक्ती कम छन् कहि सामाग्रीको अभाबमा सेवा प्रभावित भएको सुनिन्छ, कति महत्वपूर्ण सामान बिग्रने, समयमा सेवा सुचारु हुँदैन, कहि २४ घण्टा नै सेवा प्रवाह मिलाउनुपर्ने जस्ता समाचारहरु प्राय सुन्नमा आउँछ। सम्पूर्ण बिषयमा ब्यवस्थापकीय कठिनाई हुनुमा पनि जिम्मेवारी नेपाल सरकारले नै लिनुपर्ने हुन्छ। सायद व्यापार साथै सेवामुखी र सुविधामुखि बिषयलाई प्रथमिकता दिन प्राइभेट अस्पतालहरु चनाखो रहन्छन्। कति सामान बिग्रने भएकोले पनि सम्बन्धीत विज्ञ बायोमेडिकल ईन्जीनियरको पनि महत्वपूर्ण भूमिका रहने गर्दछ। किनकी सेवा, सुबिधा र गुणस्तरले अहिलेको अवस्थामा बिरामीहरु अन्यत्र जानसक्ने भएकोले विशेष ध्यान जानु पनि पर्ने भएकोले सम्पूर्ण सुविधा सम्पन्न अस्पतालले तालिम प्राप्त अस्पताल प्रशासकहरु राख्ने गर्दछन्। जुन सरकारी अस्पतालहरुमा बिरामीहरु जस्तो परिस्थितीमा पनि सेवा लिनपर्ने बाध्यकारी हुन्छ। सरसफाईको कुरा गर्ने हो भने त प्राइभेट अस्पतालहरु सचेत रहन्छन्। यो सामान्य ब्यक्तिले गुणस्तरको पहिचान गर्न शौचालय र सरसफाईलाई लिने गर्दछन् ।

हालसालै नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले न्युनतम सेवा मापदण्डको अवधारण ल्याएको छ। जसमा शुसासनलाई २० प्रतिशत क्लिनिकल सर्भिस मेनेज्मेन्टलाई ६० प्रतिशत र सपोर्ट सर्भिस मेनेज्मेटलाई २० प्रतिशत को मार्किङ्ग गरी एक गुणस्तरीय सेवाको सुनिश्चितता गराउन दिशानिर्देश गर्दछ। सायद उक्त मार्किङ्ग एक पटक मात्र पुर्‍याउने होडवाजीमा अस्पतालहरु भएतापनि दिगो र निरन्तरताका लागि पनि सोच बनाउन जरुरी रहन्छ। एक पटक प्राप्त गरेर मात्र गुणस्तरको सुनिश्चितता नहुने हुँदा जनताको सेवाका लागि पनि यसको निरन्तरता जरुरी रहन्छ ।

स्वास्थ्य बीमा सेवा हाल चर्चामा आईरहेको एक गहन विषयलाई हेर्ने हो भने डाक्टरद्धारा उक्त सेवाको नेतृत्व लिँदा एक अत्यन्त चुनौतीको सामना गनुपर्ने देखिन्छ। त्यो चुनौती यसमा डाक्टरले गने कुनै पनि क्लिनिकल काम रहँदैन। त्यो सम्पुण व्यवस्थापकिय कामहरु रहन्छ। दाबी अत्याधिक रहेको छ, सेवा बिस्तार भैरहेको छ, सम्पूर्ण जिल्लाहरुमा संचालन रहने अवस्था छ, सम्पुण दाबीहरुलाई भुक्तानी योग्य गराउनुपर्ने छ।, क्लेम कस्तो प्रकृतीको रहेका छे, दाबीलाई चेक गर्ने संयन्त्र, नियन्त्रणमा राख्न, फर्जि दाबीको कारबाही र भाबी योजना बनाउन चानेचुने कुरा होईन। यो सम्बन्धी नै सफ्टवेयर बनाएर सम्पूर्ण काम (दर्ता गर्ने, चेक,भेरिफिकेसन, मुल्यांकन) जस्ता काम उक्त सफ्टवेयरबाट सहज भएमा पनि पारदर्शी हुनसक्छ। तर सफ्टवेयरलाई सेवाग्राहीको प्रतिक्रियाका आधारमा कस्टमाईज गर्दै लानुपर्ने हुन्छ ।

सामान्यतः बीमामा भुक्तानी व्यवस्थापन पनि चुनौतिमुलक नै छ। सिमित बजेटको आधारमा स्वास्थ्य बिमा कार्यक्रम नै धरापमा पर्ने हालको अवस्था सिर्जना हुनुमा पनि सरकारको कार्यदक्षतामा प्रश्न तेर्सिन्छ। खासमा यो कार्यक्रम अत्यन्त प्रभावकारी भएतापनि सुरु सुरुमा कार्यक्रम संचालन गर्दा र कार्यक्रमका दर्ता सहयोगीले बिमितलाई दिने जानकारीको एक रुपता नरहेकोले बिमितमा भ्रम पनि रहने र धेरैमा जाँचहरुको दुरुपयोग हुने सुरुवाती अवस्थामा देखिएता पनि बिमाको मुल मर्म देशव्यापी रुपमा ल्याउनुपर्ने चुनौती छ। डाक्टर हरुलाई दबाव दिएर गरीने अत्याधीक महँगा परीक्षणहरुले पनि यस सेवालाई थप चुनौतीपुर्ण रहेको देखिन्छ। उत्त परीक्षणहरुको पनि प्रोटोकल अनुरुपको नभएमा डाक्टरहरुलाई कारबाहीको दायरामा ल्याउने सम्मको कडा नियम भएमा पनि सही दिशामा चल्ने विस्वास छ ।

साथै ओपीडी दाबी र भर्ना दाबीको तुलना गनुपर्ने पनि देखिन्छ। कहाँ कसरी आर्थिक भार रहेको पनि पत्ता लगाउन जरुरी छ। बिमाका किसिमलाई दुई भागमा राखी फरक फरक रंगका कार्ड दिने र वडाले विपन्न भनी सिफारिस दिई प्रिमियम् दिने र ज्येष्ठ नागरिकलाई सम्पुर्ण सेवामा शुल्क नलाग्ने र बाँकीलाई सम्पूर्ण दाबीमा आंशिक शुल्क ब्यहोनुपर्ने भएमा पनि केही प्रतिसत शुल्क भार कम हुने हुन्छ तर सेवालाई सम्पूर्ण अस्पतालहरुबाट दिन मिल्ने तर सम्पूर्ण शुल्कको निर्धारण गराउनुपर्ने हुन्छ र गुणस्तरको आधारमा साधारण शुल्कलाई २० देखि ५० प्रतिशत भन्दा माथि नरहने भएमा पनि सम्पूर्ण संस्थाहरुमा सेवा लिन मिल्ने रहन्थ्यो। वा सरकारले ५०० मात्र प्रिमियम लिएर ओपिडीमा ५० प्रतिशत र भर्नामा २० प्रतिशत बिरामीले ब्यहोनुपर्ने भएमा पनि दिगो रहनसक्च्छ। साधारयातय बिरामीलाई आर्थिक भार पर्ने भनेकोनै भर्ना भएको अवस्थामा हुने गर्दछ। बिरामी भर्ना भइ आइसियूमा सेवा दिनुपरेमा र जटिल अप्रेशन गर्दाको अवस्थामा निःशुल्क भएमा अझ उपयोगी र प्रभावकारी रहन सक्छ। वा बिरामीले आंशिक शुल्क खल्तीबाट भुत्तानी भएमा पनि सरकारको बजेट अनुसारको बिमाबाट सेवा रहने आँकलन गर्न सकिन्छ ।

सिमित श्रोतबाट धेरै प्रतिफल दिनु नै व्यवस्थापकीय जिम्मेवारी रहन्छ। नियमीत औषधि प्रयोग गर्ने बिमीतको संख्या पनि अत्याधिक छ र त्यसले गर्दा पनि थप चुनौती सिर्जना गर्दछ। सरकारले कि दीर्घरोगीहरुलाई एकिन गरि स्थानीयमा दर्ता गराएर केन्द्रमा पेश गरी केन्द्रीय सरकारले उक्त औषधिहरु नियमित दिने व्यवस्था भएमा पनि पटक पटक रिफर हुदै ३ ठाउँमा दर्ता गनुपर्ने झन्झट कम हुन्छ ।

बीमा सेवामा उपलब्ध औषधिको गुणस्तर र प्रभावकारिता पनि थप एक चुनौती नै रहनेछ। औषधिमा गुणस्तरको सम्झौता नहुने गरी सम्पुर्ण नेपाली औषधि कम्पनीहरुको गुणस्तरलाई थप क्रसचेक गर्ने संयन्त्रले पनि औषधिको गुणस्तर कायम रहेको वा नरहेको सुनिश्चित गराउन सक्छ। औषधिको मुल्यसँग गुणस्तरको चुनौतीलाई पनि व्यवस्थापन गनुपर्ने देखिन्छ ।

बीमाको क्षेत्र फराकिलो पार्ने की साँघुरो पारेर व्यवस्थीत पार्ने पनि बीमा बोर्डलाई चुनौती रहन्छ। प्रतिष्ठान, प्राइभेट अस्पताल, मेडिकल कलेज लगाएतका संस्था र सरकारी संस्थालाई दिईने सेवा शुल्क पनि परिमार्जन गनुपर्ने र रिफर नीतिलाई पनि थप बिश्लेषण गरी प्रभावकारी बनाउनुपर्ने हुन्छ। एक बिरामीले दुई ठाउँमा दर्ता गर्दा प्रत्येक बिरामीको सरकारले ओपीडी शुल्क दुई ठाउँको नै व्यहोनुपर्ने भएकोले पनि यस प्रवधानका चुनौतीहरु समाधान गर्न सरकारले विषेश कार्यक्रम संचालन गर्न जरुरी छ। तब मात्र स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी हुनसक्छ ।

*(लेखक अधिकारी चितवन मेडिकल कलेजका अप्रेसन्स म्यानेजर हुन्।) सौजन्य :स्वास्थ्य खबर*

# गृहमन्त्री खाणद्वारा खोटाङ भूकम्पबारे जानकारी



काठमाण्डु। गृहमन्त्री बालकृष्ण खाणले आइतबार बिहान खोटाङमा गएको ६ रेक्टर स्केलको भूकम्प, त्यसबाट भएको क्षति र सरकारले गर्नुपर्ने उद्धारबारे सम्बन्धित जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायका प्रमुखसँग जानकारी लिनुभएको छ।

गृहमन्त्री खाणले खोटाङका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईं, भोजपुरका प्रमुख जिल्ला अधिकारी हरिप्रसाद घिमिरे, प्रदेश १ का प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक सुदीप गिरी र सशस्त्र प्रहरी बलका प्रदेश प्रमुख प्रहरी नायब महानिरीक्षक कमल गिरीलाई टेलिफोन गरी भूकम्पको क्षति र गर्नुपर्ने उद्धारबारे जानकारी लिनुभएको हो । उहाँले प्रभावित भएका भए उचित व्यवस्थापन गर्न तथा जिल्ला र प्रदेशको स्रोतसाधनले नपुगेमा केन्द्रमा जानकारी गराउन निर्देशन दिनुभएको छ।

खोटाङका प्रमुख जिल्ला अधिकारी सेढाईंका अनुसार जिल्लाको मार्तिमविर्ता केन्द्र बनाएर भूकम्प गएको थियो। भूकम्पबाट साकेला गाउँपालिका-५ वृष्टिका विकास कटुवालको ढुङ्गाको घर, डाडागाउँका प्रकाश प्रधान, हलेसी तुवाचुङ.नगरपालिका-९ सल्लेका ध्रुव पौडेल र सोही नगरपालिका-७ का सयङ्खुका गङ्गा राईको घरमा क्षति पुगेको छ।

गृहमन्त्रालयका अनुसार अहिलेसम्म क्षतिको पूर्ण विवरण आएको छैन । सूचना प्राप्त हुनासाथ परिचालित हुने गरी नेपाली सेना, प्रहरी र विपद् व्यवस्थापनको टोली तयारी अवस्थामा राखिएको प्रजिअ सेढाईंले जानकारी दिनुभएको गृहमन्त्री खाणको सचिवालयले जनाएको छ। रासस

# प्रभावकारी काम गर्न अध्यक्ष ओलीको निर्देशन

काठमाण्डु। नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीका गतिविधिलाई प्रभावकार ीरुपमा सञ्चालन गर्न केन्द्रीय विभागलाई निर्देशन दिनुभएको छ।

एमालेको केन्द्रीय कार्यालय, च्यासलमा आइतबार आयोजित केन्द्रीय विभागका प्रमुख, उपप्रमुख र सचिवहरुको बैठकमा अध्यक्ष ओलीले कार्ययोजना तयार गरी पार्टीसँग समन्वय गरेर आफ्नो विभागको कार्यक्षेत्रमा केन्द्रित भएर लाग्न तथा सरकारका गलत कामको विरोध र जनताका वास्तविक समस्यामा ध्यान दिन निर्देशन दिनुभयो।

च्यासलस्थित पार्टी मुख्यालयमा बसेको बैठकमा पार्टीका विभिन्न ३३ विभागका प्रमुख, उपप्रमुख र सचिवहरु सहभागी रहेको केन्द्रीय प्रचार विभाग उपप्रमुख विष्णु रिजालले जानकारी दिनुभयो। रासस

# खोला ओगट्ने कम्पनीको लाइसेन्स खारेज गरिनेछ– ऊर्जामन्त्री भुसाल

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले लाइसेन्स लिने, विद्युत् खरिद सम्झौता (पिपिए) गर्ने तर निर्माणमा नगई खोला नदी ओगटेर बस्ने प्रवृत्तिलाई निस्तेज गर्न सरकारले त्यस्ता कम्पनीको लाइसेन्स रद्द गर्ने बताउनुभएको छ।

नेपाल आर्थिक पत्रकार समाज (सेजोन) द्वारा आइतबार यहाँ आयोजित ‘अन्तरदेशीय ऊर्जा व्यापारसँगै खुला पहुँच र प्रसारणको मूल्य’ विषयक कार्यशालामा मन्त्री भुसालले वास्तविक प्रवर्द्धकलाई प्रोत्साहित गर्नेतर्फ आवश्यक कदम चाल्न पनि सरकार तयार रहेको उल्लेख गर्नुभयो।

उहाँले हाम्रो पहिलो प्राथमिकता भनेको देशमा अधिकतम विद्युत् उत्पादन गर्दै आन्तरिक खपत वृद्धि गरी प्रतिव्यक्ति विद्युत् खपतलाई क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा तुलनायोग्य अवस्थामा पुर्‍याउने र आर्थिक उत्पादकत्व वृद्धि गर्ने नै रहेको बताउँदै स्वदेशी खपतभन्दा बढी हुने विद्युत् अन्तर ाष्ट्रिय बजारमा निर्यात गर्नुको विकल्प पनि नरहेको प्रष्ट पार्नुभयो।

जलस्रोतको अधिकतम उपयोग गरी विद्युत् उत्पादन गर्न विद्यमान क्यु ४० को डिजाइन व्यवस्थालाई हटाई जलविद्युत् आयोजना विकास गर्ने व्यवस्था लाइसेन्स र पिपिएमा मिलाउन खोजिएको उहाँको भनाइ थियो। नदी प्रवाह आयोजनाहरुको पिपिए




पुनःसुरु गर्नेतर्फ गृहकार्य सुरु गरिएको पनि उहाँले जानकारी दिनुभयो।

उहाँले भारतले नेपालका विभिन्न छ आयोजनाको करिब ३६५ मेगावाट विद्युत् भारतीय एक्सचेञ्ज बजारमा निर्यात गर्नसक्ने गरी स्वीकृति प्रदान गरेअनुसार नेपालले सो बराबरको विद्युत् निर्यात गरी विदेशी मुद्रा आर्जन गरिरहेको र थप आयोजनाको विद्युत् निर्यात स्वीकृति प्राप्त गर्न राजनीतिक तथा कूटनीतिक प्रयास भइरहेको जानकारी दिनुभयो।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा विश्नाथ पौडेलले नेपालको विद्युत्को आन्तरिक खपत बढाउन र निर्यात गर्नका लागि विद्युत् उत्पादन, प्रशारण र वितरणको लागतलाई घटाउन आवश्यक रहेको बताउँदै यी तीनै क्षेत्रमा निजी क्षेत्रको सहभागिता बढाउनुपर्नेमा जोड दिनुभयो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुशीलचन्द्र तिवारी र जल तथा शक्ति आयोगकको सचिवालयका सचिव दिनेश घिमिरेले विद्युत्को आन्तरिक खपतमा वृद्धि र विद्युत् निर्यातबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्ने भएकाले बढीभन्दा बढी विद्युत् उत्पादन र प्रसारण लाइनको विस्तारमा जोड दिनुपर्ने बताउनुभयो। नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङले विद्युत् व्यापारबाट प्राधिकरणले छोटो समयमै राम्रो आम्दानी गर्न सकेको् तथ्याङ्क प्रस्तुत गर्दै आन्तरिक रुपमा विद्युत्को खपत बढाउन विद्युतीय सवारी साधनको प्रयोग, विद्युतीय भान्छा र उद्योगधन्दामा विद्युत्को खपत बढाउनुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा डा रामप्रसाद धिताल र मनोज खड्काले ‘अन्तरदेशीय ऊर्जा व्यापारसँगै खुला पहुँच र प्रसारणको मूल्य’ विषयक कार्यपत्र प्रस्तुत गर्दै अन्तरदेशीय ऊर्जा व्यापारसँगै खुला पहुँच र प्रसारणको मूल्य निर्धारणका सैद्धान्तिक पक्ष र नेपालको सन्दर्भमा उपयुक्त ढाँचाका बारेमा प्रकाश पार्नुभएको थियो।

सो प्रस्तुतीकरणमाथि विद्युत् नियमन आयोगका सचिव गोकर्णराज पन्थ, वित्तीय क्षेत्र दिगो कार्यक्रमका टोली प्रमुख सूर्यप्रसाद आचार्य, राष्ट्रिय प्रशारण ग्रिड कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत डा नेत्र ज्ञवाली र आइआइडिएस संस्थाका कार्यकारी निर्देशक डा विश्वास गौचनले पनि विभिन्न धारणा राख्नुभएको थियो। सेजोनका अध्यक्ष जनार्दन बराल र महासचिव भागवत भट्टराईले विद्युत्को आन्तरिक खपत बढाउन र अन्तरदेशीय विद्युत् व्यापारलाई विस्तार गर्न सरकार र निजी क्षेत्रबाट गरिनुपर्ने पहलका बारेमा बोल्नुभएको थियो। रासस

# पशुपति क्षेत्रको वाग्मती स्वच्छ बनाउन प्रशोधन केन्द्र : प्रम देउवा

काठमाण्डु । प्रधानमन्त्री शेरबहादुर देउवाले पशुपति क्षेत्र भएर बग्ने वाग्मतीलाई स्वच्छ बनाउन माथिल्लो तटीय क्षेत्रमा फोहर पानी प्रशोधन केन्द्र निर्माण गरिएको बताउनुभएको छ।

खानेपानी मन्त्रालयले गुह्येश्वरीमा निर्माण गरेको फोहर पानी प्रशोधन केन्द्रको आइतबार यहाँ उद्घाटन गर्नुहुँदै उहाँले यसले विश्वका हिन्दूको आस्थाको केन्द्र पशुपतिनाथमा धार्मिक पर्यटक बढ्ने बताउनुभयो। पशुपति क्षेत्रमा स्वच्छ पानी बग्न थालेपछि धार्मिक पर्यटन प्रवर्द्धनमा पनि सहयोग पुग्ने प्रधानमन्त्री देउवाको विश्वास थियो।

‘पशुपति क्षेत्रको वाग्मतीमा स्वच्छ पानी बगाउन विसं २०५८ मा सुरु भएको एक करोड ६० लाख लिटर पानी प्रशोधन केन्द्र निर्माणले केही सहयोग गरेको थियो, नयाँ प्रशोधन केन्द्रबाट तीन करोड २४ लाख लिटर फोहर पानी प्रशोधन भएपछि यस क्षेत्रको वाग्मतीमा सङ्लो पानी बग्ने आशा गरिएको छ’, उहाँले भन्नुभयो।

गुह्येश्वरीको फोहर पानी प्रशोधन केन्द्र निर्माण सम्पन्न भएसँगै बालकुमारी, धोबीघाट, सल्लाघारी, हनुमानघाट, गोकर्णलगायत स्थानमा निर्माण सुरु भएको केन्द्र निर्माणमा पनि तीव्रता दिन प्रधानमन्त्री देउवाले सरोकार भएका निकायलाई निर्देशन दिनुभयो।

खानेपानीमन्त्री उमाकान्त चौधरीले २०४६ सालको ऐतिहासिक जनआन्दोलनको परिणामस्वरुप मुलुकमा प्रजातन्त्र पुनः स्थापना भएपछिका सरकारबाट काठमाडौँ उपत्यकाको बढ्दो सहरीकरणका कारण पवित्र वाग्मती नदी र यसका सहायक नदीलाई स्वच्छ, सफा,



हराभरा एवं जीवन्त राख्न विभिन्न प्रयास सुरु भएको बताउनुभयो।

सरकारको १५औँ योजनाअनुसार प्रशोधनसहितको फोहर पानीबाट लाभान्वित जनसङ्ख्या २० प्रतिशत तथा दिगो विकास लक्ष्यअनुसार सन् २०३० सम्म ५० प्रतिशत हुने लक्ष्य रहेको उहाँले जानकारी गराउनुभयो।

‘हालसम्म सरकारको ध्यान सम्पूर्ण नेपाली जनतालाई खानेपानी उपलब्ध गराउनेतर्फ केन्द्रित रहेको छ, फोहर पानी प्रशोधनलाई पनि प्राथमिकताका साथ एकीकृत रुपमा अगाडि बढाउनु आजको आवश्यकता हो, ढल तथा फोहर पानी व्यवस्थापन गर्ने काम विभिन्न निकायबाट भइरहेकामा यी निकायबीच उपयुक्त समन्वयको अभावमा अपेक्षित लक्ष्य हासिल गर्न सकिएको छैन’, उहाँले भन्नुभयो।

अपेक्षित लक्ष्य हासिल गर्न ढल तथा फोहर पानी व्यवस्थापनसम्बन्धी सम्पूर्ण कामको मापदण्ड तथा नीतिमा एकरुपता कायम गर्दै ठूला आयोजनाको हकमा एउटै छाताअन्तर्गत एकीकृत रुपमा कार्यान्वयन गर्न आवश्यक देखिएको मन्त्रालयले जनाएको छ । यो केन्द्रबाट ९९५ हेक्टरका करिब तीन लाख नागरिक लाभान्वित हुनेछन्।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष विश्वनाथ पौडेलले नयाँ सहरमा अनिवार्य रुपमा फोहर पानी प्रशोधन केन्द्र निर्माणका लागि योजना बनाइने प्रतिबद्धता जनाउनुभयो । यसतर्फ आयोगले ध्यान केन्द्रित गरेको जानकारी पनि उहाँले गराउनुभयो।

पूर्वमन्त्री एवं सांसद भीमसेनदास प्रधानले काठमाडौँ उपत्यकाको वास्तविक सभ्यता वाग्मती र विष्णुमती नदी भएको बताउनुभयो । वाग्मती सफा बनाउन पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सुरु गरेकामा केन्द्र निर्माणसँगै यसले सार्थकता पाएकामा खुसी व्यक्त गर्नुभयो। विष्णुमतीमा पनि फोहर पानी प्रशोधन केन्द्र निर्माण गर्न सांसद प्रधानले सरोकार भएका निकायको ध्यानाकर्षण गराउनुभयो।

काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाहले राजधानी सहरमा ढलबाट सिधै नदीमा ढल हालिएकाले वाग्मतीलगायत नदी फोहर बनेको बताउनुभयो । ढल वर्षाको पानी छुट्याउन सरोकार भएका निकायले काम गर्नुपर्ने उहाँको भनाइ छ । यसका लागि महानगरपालिकाले जनचेतना जगाउने पनि महानगर प्रमुख शाहले बताउनुभयो । काठमाडौँ उपत्यकाका हिटी, ढुङ्गेधारालाई पुनर्जीवन दिन मन्त्रालयसँग सहकार्य गर्ने बारेमा खानेपानी मन्त्रीसँग कुरा भएको पनि सो अवसरमा उहाँले जानकारी दिनुभयो।

खानेपानी मन्त्रालयका सचिव मणिराम गेलालले हालसम्म फोहर पानी प्रशोधनमा न्यून उपलब्धि तीन प्रतिशत मात्र भएकामा केन्द्रको निर्माण सम्पन्न भएर सञ्चालनमा आएपछि यसमा वृद्धि हुने बताउनुभयो।

एसियाली विकास बैङ्कका देशीय निर्देशक आर्नोभ कुशवाहले केन्द्र सञ्चालन भएपछि नदीको फोहर कम गर्न सहयोग मिल्ने विश्वास व्यक्त गर्नुभयो । पशुपतिनाथको धार्मिक महत्व बढाउन र वाग्मतीमा स्वच्छ पानी बगाउन पनि यसबाट सहयोग पुग्ने उहाँको भनाइ थियो।

काठमाडौँ उपत्यका खानेपानी लिमिटेड आयोजना कार्यान्वयन निर्देशनालयका आयोजना निर्देशक राजेन्द्र सापकोटाले फोहर पानी प्रशोधन गरेर गन्धरहित ग्यास वातावरणमा छोडिने जानकारी दिनुभयो । फोहर पानी प्रशोधनबाट निस्किएको ग्यासले विद्युत् निकाली केन्द्र सञ्चालनमा ५० प्रतिशत विद्युत् आपूर्ति हुने जानकारी पनि सो अवसरमा दिइएको थियो।रासस

# सामाजिक अगुवा बस्नेतको निधनप्रति पौडेलद्वारा दुःख व्यक्त

दमौली । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले सामाजिक अगुवा भीमबहादुर बस्नेतको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ। व्यास नगरपालिका-१ रत्यौली निवासी एक सय वर्षीय बस्नेतको निधनप्रति वरिष्ठ नेता पौडेलले दुःख व्यक्त गर्नुभएको हो।

पौडेलले आइतबार शोक वक्तव्य जारी गरी बस्नेतको निधनले एक कुशल सामाजिक एवं राजनीतिज्ञ गुमाउनुपरेको उल्लेख गर्नुभएको छ । पौडेलले स्व बस्नेतका छोरा एवं व्यास-१ का वडा सदस्य मणिजङ बस्नेतलगायत समस्त परिवारजनमा समवेदना व्यक्त गर्नुभएको छ।

बस्नेतको शनिबार राति निवासमै निधन भएको हो। राप्रपा तनहुँका संस्थापकसमेत रहनुभएका बस्नेतको सामाजिक एवं राजनीतिक क्षेत्रमा उल्लेख्यनीय योगदान रहेको थियो । बस्नेतले दमौलीका विभिन्न शैक्षिक तथा सामाजिक सङ्घसंस्थामा रहेर योगदान पुर्‍याउनुभएको थियो।

स्व बस्नेतको आइतबार दमौलीस्थित मादीसेती घाटमा दाहसंस्कार गरिएको छ। बस्नेतको पार्थीव शरीरमा गण्डकीप्रदेशका आन्तरिक मामिलामन्त्री डोवाटे विश्वकर्मा, संविधानसभा सदस्य रामचन्द्र पोखरेल, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपाने लगायतले अन्तिम श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो।

बस्नेतको निधनले यस क्षेत्रले सामाजिक अगुवा गुमाएको भन्दै विभिन्न व्यक्तिले दुःख व्यक्त गर्नुभएको छ। व्यास नगरपालिका-१ का वडाध्यक्ष रमेशचन्द्र हड्खलेले बस्नेतको निधनले एक कुशल व्यक्तित्व गुमाउनुपरेको भन्दै दुःख व्यक्त गर्नुभयो । नेपाली कांग्रेसका केन्द्रीय सदस्य शङ्कर भण्डारीले बस्नेतको निधनप्रति दुःख व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्नुभएको छ। रासस



## अर्नामा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**अर्नामा, सिरहा**
**मधेश प्रदेश, नेपाल**

## मौजुदा सूची दर्ता गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९।४।१३**

यस गाउँपालिका कार्यालयको लागि आ.व. ०७९।८० मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले आ.व. २०७७/०७८ को व्यवसायिक नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी सहित सार्वजनिक खरिद नियमावली २०६४ को अनुसुची २ (क) बमोजिमको ढाँचामा निवेदन दिनु हुन र आ.व. २०७८/०७९ मा यस कार्यालयमा सुचीकृत दर्ता गरेको तथा आ.व. २०७८/०७९ को व्यवसाय नविकरण भएको प्रमाण पत्र कर चुक्ता प्रमाण पत्र सहित स्याथी लेखा नम्बर र मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार निवेदन दिनु हुन जानकारी गराईन्छ।

**तपसिल**

१. मसलन्द छपाई तथा कार्यालय सामान आपूर्ति
२. फर्निचर तथा फर्निशिंग सामान आपूर्ति तथा मर्मत सम्बन्धी कार्य
३. मेशिनरी औजार (कम्प्युटर, प्रिन्टर फोटोकोपी मेशिन आदी) तथा इलेक्ट्रिकल सामान आपूर्ति तथा मर्मत,
४. भवन मर्मत सम्भार निर्माण सम्बन्धी सेवा
५. कुरियर सेवा
६. प्रशासनिक विषय संग सम्बन्धी अध्ययन अनुसन्धान तथा विभिन्न विषय संग सम्बन्धि सफटवेयर निर्माण मर्मत तथा आपुर्ति र सुचना प्रविधि संग सम्बन्धी विभिन्न परामर्श सेवा
७. फलफुल विरुवा सप्लाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य
८. स्वास्थ्य, पशु, कृषिजन्य औषधी तथा सर्जिकल उपकरणाहरु
९. खाजा, खाना, चिया, पानी आदि
१०. विज्ञापन प्रकासन सम्बन्धी
११. विभिन्न प्राविधिक विषयको सेवा आपूर्ति, सबै डिजाइन आदि
१२. इन्टरनेट सेवा
१३. पत्रपत्रिका आपूर्ति गर्ने काम
१४. इन्धन आपूर्ति गर्ने काम

**प्रमुख प्रशासकीय अधिकृत**


# प्रेस युनियनद्वारा विधेयक फिर्ता लिन माग

काठमाण्डु । लोकतन्त्रवादी पत्रकारको छाता संस्था नेपाल प्रेस युनियनले पूर्ववर्ती सरकारले संसद्मा पेश गरेका प्रेस स्वतन्त्रता कुण्ठित गर्ने विधेयक फिर्ता लिन सरकारसँग माग गरेको छ।

यही साउन ६ र ७ गते मकवानपुरको हेटौँडामा सम्पन्न युनियनको नवौँ महाधिवेशनबाट नवनिर्वाचित केन्द्रीय कार्यसमितिको पहिलो बैठकले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्न र आम सञ्चार छाता ऐन निर्माण गर्नसमेत माग गरेको छ। काठमाडौँमा सम्पन्न केन्द्रीय समिति बैठकले श्रमजीवी ऐन पूर्णरुपमा कार्यान्वयन गर्न सरकार र सञ्चार प्रतिष्ठानको ध्यानाकर्षण गराउने निर्णय गरेको महासचिव दिलीप पौडेलले जानकारी दिनुभयो।

यसैगरी बैठकले युनियनको हालै संशोधित विधानअनुसार नयाँ विनियमावली बनाउन केन्द्रीय उपाध्यक्ष भीष्मराज ओझाको संयोजकत्वमा पाँच सदस्यीय ‘विनियमावली मस्यौदा तयारी समिति’ गठन गर्ने निर्णय गरेको उहाँले बताउनुभयो । बैठकले नवौँ महाधिवेशन सम्पन्न गरेर नेतृत्व हस्तान्तरण गर्ने निवर्तमान अध्यक्ष बद्री सिग्देल नेतृत्वको केन्द्रीय कार्य समितिसहित महाधिवेशन सम्पन्न गर्न सघाउने नेपाल प्रेस युनियनको मकवानपुर शाखा, देशभरका प्रेस युनियनकर्मी, निर्वाचन समिति, नेपाली कांग्रेसलगायत प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गरेको छ।



बैठकले नवौँ महाधिवेशनबाट नेतृत्वमा आउने नवनिर्वाचित केन्द्रीय समितिलाई बधाई ज्ञापन गर्दै नेतृत्व चयनको लोकतान्त्रिक प्रक्रियामा सहभागी हुनेलाई पनि यथोचित सम्मान व्यक्त गरेको छ । नवनिर्वाचित अध्यक्ष शिव लम्सालको अध्यक्षतामा सम्पन्न बैठकले पत्रकारको तोकिएको न्यूनतम् पारिश्रमिक समयमै प्रदान गर्न सञ्चार प्रतिष्ठानलाई आग्रह गर्दै अहिलेको न्यूनतम् पारिश्रमिक वृद्धि गर्न सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको छ।

पत्रकारको ट्रेड युनियन अधिकार सुनिश्चित गर्ने, विभिन्न बहानामा सञ्चार माध्यमबाट निष्कासनमा परेका पत्रकारको पुनःबहाली गर्न सम्बन्धित सञ्चारगृहको ध्यानाकर्षण गर्ने युनियनको निर्णय छ। युनियनले हेटौँडा महाधिवेशनबाट लम्सालको अध्यक्षतामा एक सय १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ।

विसं २०४८ मा स्थापित युनियनले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, ट्रेड युनियन अधिकार, श्रमजीवी पत्रकारको हकहित तथा क्षमता विकासका क्षेत्रमा काम गर्दै आएको छ। युनियन विश्वभरका पत्रकारको साझा संस्था अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ (आइएफजे)को नेपालबाट सदस्यता प्राप्त गर्ने पहिलो संस्था हो। रासस

## इरानमा बाढीबाट उनान्साठी जनाको मृत्यु, तीस बेपत्ता

**सिन्ह्वा**

तेहरान । अघिल्लो सातादेखि परेको अविरल वर्षासँगै आएको बाढीमा परी देशका विभिन्न भागमा ५९ जनाको ज्यान गएको र अन्य ३० जना हराइरहेका छन् ।

रेड क्रिसेन्ट सोसाइटीका अनुसार ६० वटा शहर, पाँचसय १६ गाउँ, ८५ वटा सम्पर्क सडक बाढीबाट प्रभावित भएका छन् । हालसम्म एक हजार तीनसय ३२ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको, पाँच हजार दुई सय १५ जनालाई खाना र बासको प्रबन्ध गरिएको, नौ सय ४४ जनालाई उद्धार गरिएको छ ।

राष्ट्रपति इब्राहिम राइसीले मन्त्री, देशभरका सङ्घसङ्गठनका प्रमुख तथा मुलुकका अन्य प्रशासकलाई सम्भावित बाढीबाट जनधनको रक्षाका निम्ति उपलब्ध स्रोत-साधन परिचालन गर्न निर्देशन दिएका छन् ।

# ऋण तिर्ने उपाय पहिल्याउन दललाई श्रीलङ्काली राष्ट्रपतिको आग्रह

**एएनआई**

कोलम्बो । श्रीलङ्काका राष्ट्रपति रनिल विक्रमासिङ्घेले देशलाई आर्थिक सङ्कटबाट पार लगाउन अन्तरराष्ट्रिय मुद्रा कोष (आईएमएफ)सँगको सम्भावित सम्झौता मुलुकमा व्याप्त राजनीतिक अस्थिरताका कारण अघिबढाउन विलम्ब भएको बताउँदै राजनीतिक दलका नेतालाई ऋण तिर्ने उपाय पहिल्याउन आग्रह गरेका छन् ।

देशले झेल्नुपरेको वर्तमान चुनौतीलाई स्थायीरूपमा समाधानका निम्ति सबै राजनीतिक दलले सहकार्य गर्नुपर्नेमा जोड दिँदै उनले देशको अहिलेको आर्थिक सङ्कटका लागि पूर्वराष्ट्रपति गोटबाया राजापाक्षलाई दोष दिनुको कुनै अर्थ नभएको बताए । शनिबार क्याण्डीमा भएको एक कार्यक्रममा



उनले देशलाई आर्थिक सङ्कटबाट मुक्त गरी वैदेशिक ऋण चुक्ता गर्न सबै राजनीतिक दललाई एकजुट हुन आग्रह गरे । साथै उनले त्यस निम्ति उपाय पहिल्याउन पनि आग्रह गरे । आईएमएफसँगको सम्झौताले श्रीलङ्काको समस्या पूर्णरूपमा समाधान नहुने बताए ।

आफूले प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेपछि अगाडि बढेको आईएमएफसँगको सम्भावित सम्झौता देशमा व्याप्त अस्थिरताका कारण रोकिएको जनाउँदै उनले आगामी अगस्टको अन्त्यपछि सम्झौता हुनसक्ने बताए । आईएमएफसँग सम्झौता नभएसम्म अन्य देशले श्रीलङ्कालाई आर्थिक सहयोग गर्न इच्छुक नहुने दोहोऱ्याए । यसैबीच, सरकारी तथ्याङ्कअनुसार यसै वर्षको जुनमा २७ हजार नौसय जना रोजगारीको खोजीमा बाहिर गएका, अनुमतिप्राप्त वैदेशिक रोजगार प्रदायक निकायमार्फत नौ हजार आठसय ५४ जना रोजगारीका लागि विदेश गएका छन् । यस वर्षको जनवरीदेखि एक लाख ५० हजारभन्दा बढीले देश छाडेका छन् ।

चरम आर्थिक सङ्कटले पिरोलिएका श्रीलङ्काका जनता औषधि, इन्धन र खाद्यान्नलगायत अत्यावश्यक वस्तुको अभावमा सङ्घर्ष गरिरहेको छन् । राजापाक्षको कुशासनका कारण आफूले अकल्पनीय अभावको सामना गर्नुपरेको भन्दै हज्जारौँ सर्वसाधारण विरोध प्रदर्शनमा उत्रेका थिएभने केहीले राष्ट्रपति निवासमा प्रवेश गरेर उनलाई देश छाड्न बाध्य पारेका थिए ।

# अन्न बोकेको युक्रेनी जहाज आज प्रस्थान गर्ने

**एएनआई**

अङ्कारा । अनाज बोकेको पहिलो जहाज सोमबार (अगस्ट १) युक्रेनबाट प्रस्थान गर्ने उच्च सम्भावना रहेको स्पुतनिक समाचार एजेन्सीले टर्कीका राष्ट्रपतिका प्रवक्ता इब्राहिम कालिनलाई आइतबार उद्धृत गर्दै उल्लेख गरेको छ ।

"युक्रेनी अन्न बोकेको पहिलो जहाज आज बिहान प्रस्थान गर्न सक्छ," कालिनले भनेका छन् । यसअघि टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानले काला सागर हुँदै अनाजको निर्यात आगामी दिनमा शुरु हुने बताएका थिए ।

"आगामी दिनमा सामुद्रिक खाद्यान्न ढुवानी शुरु भएसँगै बढ्दो विश्वव्यापी खाद्य सङ्कटमा केही राहात पुग्नेछ," एर्दोगनलाई उद्धृत गर्दै टास समाचार एजेन्सीले जनाएको छ ।

एर्दोगानले टर्कीले युक्रेनी सङ्कट कूटनीतिक तवरबाट समाधान गर्ने प्रयास जारी राख्ने पनि बताएका छन् । "हामी रुस र युक्रेन बीच शान्ति सुनिश्चित नभएसम्म कूटनीतिक प्रयास जारी राख्न संकल्पित छौं। निकट भविष्यमा हामी वार्ता र सबै तहका सम्पर्कहरू सहित उत्साहजनक समाचार प्राप्त गर्ने आशा गर्दछौं, "टर्कीका राष्ट्रपतिले भने।

यसैबीच, एक उच्चस्तरीय संयुक्त राष्ट्रसंघ व्यापार अधिकारीले युक्रेनसँगको सम्झौतापछि अनाज निर्यातमा परेका अवरोधहरू बुझ्न विश्व निकायले युरोपेली संघ, संयुक्त राज्य अमेरिका र रुसका साझेदारहरूसँग सम्पर्कमा रहने बताएका छन् ।

# विश्वभर दैनिक ४ हजार मानिस एचआइभी सङ्क्रमित : राष्ट्रसंघ

**एएनआई**

न्यूयोर्क । विश्वभर प्रत्येक दिन करिब ४,०० जनामा एचआईभी सङ्क्रमण हुने गरेको पाइएको छ । राष्ट्रसंघले आइतबार देशहरूलाई यसको रोकथाम र उपचारमा पहुँच बढाउन आग्रह गर्दै सो विवरण सार्वजनिक गरेको हो । राष्ट्रसंघले ट्विट गर्दै एचआईभी सङ्क्रमण नियन्त्रणमा प्रगति सुस्त रहेको जनाउँदै यसका विरुद्धमा जनचेतना जगाउँन र नियन्त्रण गर्न लगानी बढाउन समेत आग्रह गरेको छ । एचआईभी/एड्स सम्बन्धी संयुक्त राष्ट्रसंघीय कार्यक्रम विश्वव्यापी एचआईभी प्रतिक्रियाको पछिल्लो तथ्याङ्कले कोभिड-१९ र अन्य विश्वव्यापी सङ्कटका पछिल्ला दुई वर्षहरूमा एचआईभी महामारी विरुद्धको प्रगति कमजोर भएको बताएको छ । यसका विरुद्ध परिचालन हुने स्रोतहरू सङ्कुचित भएका छन् जसका कारण लाखौंको ज्यान जोखिममा रहेको पनि तथ्याङ्कले देखाएको छ ।

नयाँ सङ्क्रमणको संख्या सन् २०२० र २०२१ को बीचमा विश्वव्यापी रूपमा केवल ३.६ प्रतिशतले घटेको छ जुन नयाँ एचआईभी सङ्क्रमणमा सन् २०१६ यताको सबैभन्दा कम अनुपातमा घटेको विवरण हो ।

पूर्वी युरोप र मध्य एशिया, मध्य पूर्व र उत्तर अफ्रिका र



ल्याटिन अमेरिकामा धेरै वर्षदेखि वार्षिक एचआईभी सङ्क्रमणमा वृद्धि भएको पनि प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ।

"यी तथ्याङ्कले विश्वव्यापी एड्स प्रतिक्रियालाई गम्भीर खतरामा रहेको देखाउँछ। यदि हामीले द्रुत रूपमा प्रगति गरेनौं भने कोभिड-१९, लगायात अन्य सङ्कटका बीचमा यसको प्रकोप थप बढ्ने देखिन्छ । सम्भावित लाखौं मृत्यु रोक्न खोजिरहेका छौं," युएनएड्सका कार्यकारी निर्देशक विनी ब्यानिमाले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

विज्ञप्तिअनुसार एड्सले प्रत्येक मिनेटमा ज्यान लिइरहेको छ। औसतमा सन् २०२१ मा विभिन्न रोकथामात्मक उपचारका बाबजुद ६५०,००० जनाको सङ्क्रमणबाट मृत्यु भएको छ। "यी तथ्याङ्कहरूले राजनीतिक इच्छाशक्तिलाई प्रतिबिम्बित गर्छन् । के हामी हाम्रा बालबालिकाहरूलाई सशक्तीकरण र संरक्षण गर्ने कुरामा ख्याल गर्छौं ? के हामी बालबालिकाहरू एड्सबाट हुने मृत्यु रोक्न चाहन्छौं ? के हामीले जीवन बचाउने कुरालाई अपराधीकरणभन्दा अगाडि राख्छौं?" ब्यानिमाले प्रतिप्रश्न गरेका छन् । "यदि हामीले गर्छौं भने, हामीले यसको सङ्क्रमणलाइ रोक्ने कामलाई उच्च प्राथमिकताका साथ अगाडि बढाउँनुपर्छ।

प्रतिवेदनले महामारी नियन्त्रण गर्न तत्काल कदम चालिएन भने विनाशकारी परिणामहरू आउँने देखिन्छ। यदि यही दरमा सङ्क्रमण बढ्दै जाने हो भने सन् २०२५ मा सङ्क्रमितको संख्या १२ लाखभन्दा बढी थप हुनेछ ।छ

# युक्रेनी युद्धबन्दीमाथिको आक्रमणको छानबिन गर्न राष्ट्रसङ्घलाई आमन्त्रण

**एएनआई**

मस्को । रूसले युक्रेनी सेनाको डोनबास क्षेत्रको ओलेनिभक नजिक अवस्थित सोधपुछ तथा हिरासत केन्द्रमा उच्चप्रविधियुक्त रकेट प्रणालीबाट गरिएको आक्रमणमा परी ५३ जना युक्रेनी युद्धबन्दीको मृत्युभएको घटनाको अनुसन्धान गर्न संयुक्त राष्ट्रसङ्घ र रेडक्रसका विशेषज्ञलाई आमन्त्रण गरेको छ ।

येलेनोभकामा सोधपुछ तथा हिरासत केन्द्रमा भएको आक्रमणको वस्तुनिष्ठ अनुसन्धान गर्न रूसी महासङ्घले औपचारिकरूपमा संयुक्त राष्ट्रसङ्घ र रेडक्रसका अन्तरराष्ट्रिय समितिका विशेषज्ञलाई आमन्त्रण गरेको रूसी रक्षा मन्त्रालयले जनाएको छ ।

युक्रेनी युद्धबन्दीलाई राखिएको ओलेनिभकाको हिरासतमा शुक्रबार बिहान युक्रेनी सेनाले अमेरिकाले आपूर्ति गरेको 'हाई मोबिलिटी आर्टिलरी रकेट सिस्टम'का साथ गोलाबारी गरेको थियो ।

उक्त आक्रमणमा ४० युक्रेनी युद्धबन्दी मारिएका थिए भने ७५ जना घाइते भएका थिए । हिरासत केन्द्रका आठ कर्मचारीलाई पनि गम्भीर चोट लागेको थियो । रूसी क्षेत्रीय रक्षा निकायले अद्यावधिक गरेको पछिल्लो विवरणअनुसार उक्त आक्रमणमा ज्यान गुमाउनेको सङ्ख्या ५३ पुगेको छ भने एकसय ३० जनाभन्दा बढी घाइते भएका छन् ।

रूसी रक्षामन्त्रालयले युक्रेनी आक्रमणलाई पूर्वनियोजित उत्तेजक काम भन्दै आफ्नो फौजले आत्मसमर्पण गर्न खोजेकाले उनीहरूलाई तर्साउन आक्रमण गरिएको बताएको छ । रेडक्रसको अन्तरराष्ट्रिय समिति (आईसीआरसी)ले घाइतेको उद्धारमा सघाउने बताएको छ । संयुक्त राष्ट्रसङ्घले पनि उक्त आक्रमण अनुसन्धान गर्न भएको छ । राष्ट्रसङ्घका प्रवक्ता फरहान हकले त्यसको पुष्टि गरेका छन् ।

डोनेट्स्क र लुहान्स्क जनगणतन्त्रले आफ्नो रक्षा गर्न मद्दतको लागि रूससँग अनुरोध गरेपछि फेब्रुवरी २४ मा मस्कोले युक्रेनमा विशेष सैन्य कारबाही शुरु गरेको हो । उसले किएभविरुद्ध थालेको सैन्य कारबाही युक्रेनी सैन्य पूर्वाधारमा मात्र लक्षित रहेको र सर्वसाधारण युक्रेनी त्यसको जोखिममा नरहेका दाबी गर्दै आएको छ।

यसैबीच, संयुक्त राष्ट्रसङ्घका लागि अमेरिकी राजदूत लिन्डा थोमस-ग्रीनफिल्डले सुरक्षा परिषद्को शुक्रबारको बैठकमा विश्व मानचित्रबाट रूसले युक्रेनलाई मेट्ने प्रयास गरेको बताएकी थिइन् ।

उनले पूर्वीयुक्रेनी क्षेत्र डोनेस्क र लुहान्स्क, दक्षिणी खेरसोन र जापोरिज्जियालाई अवैधरूपमा आफ्नो कब्जामा लिएर रूसले त्यसको आधार निर्माण गरिरहेको पनि उल्लेख गरेकी थिइन् ।

# बाढीबाट पच्चीस जनाको मृत्यु




**सिन्ह्वा**

शिकागो । पूर्वीकेन्टकीमा आएको बाढीमा परेर एकै परिवारका चार बालबालिकासहि २५ जनाको मृत्यु भएको छ भने १२ जनाभन्दा बढी हराइरहेका छन् ।

केही क्षेत्रमा सहायताकर्मी पुग्नसक्ने अवस्था नरहेको बताउँदै केन्टकीका गभर्नर एण्डी बेसेयरले मृतकको सङ्ख्या बढ्नसक्ने जनाएका छन् । बाढीका कारण विद्युत् आपूर्तिमा अवरोध हुँदा शनिबार बिहानसम्म राज्यभरका १६ हजार ग्राहक बिजुलीविहीन रहेका छन् । बेशियरले राज्यभर आपत्काल घोषणा गरिएको र उद्धार तथा सहयोगका लागि राष्ट्रिय उद्धार सुरक्षादस्तालाई बोलाइएको बताएका छन् । बाढीले वेस्ट भर्जिनिया र भर्जिनियाका केही भागमा पनि असर गरेको छ । वेस्ट भर्जिनियाका गभर्नर जिम जस्टिसले छवटा काउन्टीमा आपत्काल घोषणा गरेका छन् ।

पूर्वीकेन्टकीका केही क्षेत्रमा आज पनि बाढीको चेतावनी दिइएको छ । मौसम पूर्वानुमान सेवाले उक्त क्षेत्रका नदीनालामा जलसतह बढ्ने भविष्यवाणी गरेको छ ।

# फिलिपिन्सका पूर्वराष्ट्रपति रामोसको निधन



**सिन्ह्वा**

मनिला । फिलिपिन्सका १२ औँ राष्ट्रपति फिडेल रामोसको निधन भएको छ । कोभिड-१९ को जटिलताबाट ९४ वर्षको उमेरमा उनको आज दिउँसो निधन भएको हो ।

राष्ट्रपति फर्डिनान्ड रोमुआल्डेज मार्कोसका सञ्चार संयोजक रोज बीट्रिक्स क्रुज-एन्जेल्सले पूर्वराष्ट्रपति रामोसको निधनको पुष्टि गरेकी छन्। 'राष्ट्रपति फिडेल वी। रामोसको निधनबारे थाहा पाउँदा धेरै दुःख लागेको छ, उहाँले सैनिक अधिकारी एवम् प्रमुख कार्यकारीको रूपमा हाम्रो देशमा भएका ठूला परिवर्तनहरूमा आफ्नो सहभागिताका लागि इतिहासमा सुरक्षित स्थान छोड्नु भएको छ,' पूर्वराष्ट्रपतिका परिवार, मित्र, सहपाठी र सहयोगीहरूमा गहिरो समवेदना व्यक्त गर्दै सञ्चार संयोजकले भनेकी छन् ।

पूर्वराष्ट्रपति रामोसको परिवारले पनि आफ्ना अभिभावकको मृत्युबारे औपचारिक वक्तव्य जारी गरेको छ । 'हाम्रो गोपनीयताको सम्मान गर्नुभएकोमा हामी सबैलाई धन्यवाद दिन्छौं, किनकि परिवारसँगै शोकमा रहन केही समय लाग्छ,' वक्तव्यमा भनिएको छ ।

'राष्ट्रिय प्रतिरक्षा विभाग पूर्वराष्ट्रपति रामोसको निधनमा शोकाकूल भएको छ र राष्ट्रको साथमा छ,' राष्ट्रिय प्रतिरक्षा विभागका प्रवक्ता आर्सेनियो एन्डोलोङले फिलिपिन्सको सशस्त्र बलको आधुनिकीकरणरव्यावसायिकताको श्रेय रामोसलाई दिँदै भनेका छन् । राष्ट्रपति बन्नु अघि एक सम्मानित सिपाही, कूटनीतिज्ञ र राष्ट्रिय रक्षामन्त्रीका रूपमा उनले रामोसलाई सम्झेका छन् ।

फिलिपिन्सको सेनामा प्रवेश गर्नुअघि रामोसले न्यूयोर्कस्थितको अमेरिकी सैन्य प्रतिष्ठान र संयुक्त राज्य अमेरिकाको इलिनोइ विश्वविद्यालयमा अध्ययन गरेका थिए ।

## भारतमा कोरोना सङ्क्रमण केही घट्यो

**सिन्ह्वा**

नयाँदिल्ली । बितेका २४ घण्टामा देशका विभिन्न भागमा कोरोना सङ्क्रमतिको सङ्ख्या १९ हजार छ सय ७३ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ ।

देशमा हाल कोरोना सङ्क्रमितको सङ्ख्या चार करोड ४० लाखमा १९ हजार आठ सय ११ पुगेको छ । देशभर एक लाख ४३ हजार छ सय ७६ सक्रिय सङ्क्रमित छन् ।

यसैगरी १९ हजार तीन सय ३६ सङ्क्रमणमुक्त भएका छन् । योसँगै कोरोना सङ्क्रमणमुक्त भएकाको सङ्ख्या चार करोड ३३ लाख ४९ हजार सात सय ७८ पुगेको छ । कोरोना सङ्क्रमणबाट ४५ जनाको मृत्यु भएको छ । यो सँगै कोरोनाबाट पाँच लाख २६ हजार तीन सय ५७ जनाको मृत्यु भएको छ ।

महामारी शुरु भएयता ८७ करोड ७५ लाखभन्दा बढीको परीक्षण गरिएको छ । सन् २०२१ को जनवरी १६ देखि देशभर कोभिड-१९ विरुद्ध खोप अभियान जारी छ । अभियानअन्तर्गत हालसम्म दुई अर्ब मात्राभन्दा बढी खोप लगाइएको छ ।

# अर्थतन्त्र सुधारका लागि संयुक्त सरकारमा सहभागी बन्न विक्रेमेसिङ्घेको आग्रह

**एएफपी**

कोलोम्बो । श्रीलङ्काका नयाँ राष्ट्रपति रानिल विक्रेमेसिङ्घेले सङ्कटग्रस्त अर्थतन्त्रलाई सुधार गरी समस्याको समाधान खोज्न सर्वपक्षीयसंयुक्तसरकारमासहभागी हुन सांसदहरूसँग औपचारिक रूपमा आग्रह गरेका उनको कार्यालयले जनाएको छ ।

द्वीप राष्ट्र श्रीलङ्काको अहिलेसम्मकै सबैभन्दा खराब आर्थिक संकटले गर्दा पूर्व राष्ट्रपति गोटाबाय राजपाक्ष देश छोडेर सिङ्गापुर पुगेपछि विक्रेमसिङ्घेले यस महिनाको सुरुतिर आफ्नो पदभार ग्रहण गरेका थिए ।

बौद्ध धर्मावलम्बीको एक पवित्र तीर्थस्थल कान्डीमा रहेको मठ मन्दिरका प्रभावशाली भिक्षुहरुसँग शनिबार भएको भेटमा पनि विक्रमसिङ्घेले अर्थतन्त्र सुधारका लागि आफ्नो योजनाबारे बताएका थिए ।

'राष्ट्रपतिको हैसियतमा, म नयाँ यात्रा सुरु गर्न चाहन्छु,' विक्रेमेसिङ्हेले आफ्नो पदभार ग्रहण गरेपछिको पहिलो भेटमा यहाँको शक्तिशाली बौद्ध धर्मगुरूहरूसँगको भनेका थिए । उने भने, 'म सबै दललाई मिलाएर सर्वदलीय सरकार गठनको मार्गमा जान चाहन्छु ।'



यसैबीच उनले सबै विधायकहरूलाई संयुक्त सरकारमा सहभागी हुन आग्रह गर्दै आइतबार पत्र लेखेका स्थानीय सञ्चारमाध्यमले सोमबार विशेष स्थान दिएर छापेका छन् ।

राजपाक्षका जेठा दाजु महिन्दा राजपाक्षले राजीनामा दिएपछि ७३ वर्षीय पूर्व विपक्षी सांसद विक्रमसिङ्घेले मे महिनामा छैठौं पटक प्रधानमन्त्री पद सम्हालेका थिए ।

आर्थिक संकटपछि हजारौं प्रदर्शनकारीहरूले कडा सुरक्षा घेरा तोड्दै राष्ट्रपति दरबारमा प्रवेश गरेका थिए । यसको पाँच दिनपछि उनले सिङ्गापुर पुगी राजीनामा दिएका थिए ।

श्रीलङ्काका करिब दुई करोड २० लाख मानिसहरूले महिनौंसम्म दैनिक रूपमा लामो लोडसेडिङ उच्च मुद्रास्फीति तथा खाद्य, इन्धन र औषधीहरूको अभावको सामना गरिरहेका छन् । गत वर्षको असारदेखि मुलुकमा अत्यावश्यक आयातसमेत धान्न विदेशी मुद्राको अभाव भएको छ ।

विक्रेमेसिङ्घेले भिक्षुहरूलाई यस वर्ष ७.० प्रतिशतले अर्थतन्त्र अझ घट्नेछ तर अर्को वर्ष यसमा सुधार आउने विश्वास व्यक्त गरेका थिए । उनले भने, 'म यो अर्थतन्त्रलाई पुनः स्थापित गर्ने र अर्थतन्त्रलाई यसरी व्यवस्थापन गर्दैछु जसले सन् २०२३-०२४ सम्ममा मुलुकको विकासमा टेवा पुऱ्याउनेछ ।'

उनले भिक्षुहरूसँगको भेटमा हाल ६०.८ प्रतिशत मुद्रास्फीति आगामी दिनमा थप बढ्न सक्ने बताएका थिए ।

राष्ट्रपतिनिर्वाचित भएपछि विक्रमसिङ्घेले विरोध प्रदर्शनस्थल खाली गर्न सुरक्षाकर्मीलाई आदेश दिँदै अन्तरिम मन्त्रिमण्डल नियुक्त गरेका छन् । उनले अन्य पक्षलाई पनि सरकारमा सहभागी हुनका लागि ढोका खुला राखेको बताएका छन् ।

उनले बुधबारका लागि संसद्को नयाँ अधिवेशन बोलाएका छन् र विपक्षी दलका सदस्यहरूलाई समायोजन गर्न १८ सदस्यीय मन्त्रिमण्डल विस्तार गर्ने अपेक्षा गरिएको छ ।

# सिन्ध प्रान्तका पचासभन्दा बढी गाउँ डुबे

**एएनआई**

सिन्ध । अविरल वर्षाका कारण यस प्रान्तका ५० भन्दा बढी गाउँ डुबेका छन् । बलुचिस्तानमा मुसलधारे वर्षासँगै अचानक बाढी आउँदा कम्बर-शाहदादकोट जिल्ला र दादु जिल्लाको कछोको पहाडी क्षेत्रमा व्यापक क्षति भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । बाढी प्रभावित क्षेत्रका बासिन्दा ज्यान जोगाउन उच्चस्थल र सुरक्षा केन्द्रमा शरण लिन बाध्य भएका छन् । एकजना ७० वर्षीयाको बाढीका कारण उपचार नपाउँदा ज्यान गएको छ ।

विशेष गरी बलुचिस्तानमा यस वर्ष अप्रत्याशितरूपमा भारी वर्षा भएको छ । प्रकोप व्यवस्थापन अधिकारीका अनुसार वर्षा र बाढीका कारण बलुचिस्तान र खैबर पख्तुनख्वा प्रान्तमा १९ जनाको मृत्यु भएको छ । बितेका २४ घण्टामा बलुचिस्तानमा एकै परिवारका नौ जनाको मृत्यु भएको छ । बाढीले बगाउँदा सातजना बालबालिका र एक महिलाको ज्यान गएको समाचारपत्र डनले जनाएको छ ।

खैबर पख्तुनख्वामा बाढी आएसँगै केही घरका छत भत्किँदा कम्तिमा १० को मृत्यु भएको र १७ जना घाइते भएका छन् । बाढीले एकसयभन्दा बढी घर पूर्णरुपमा क्षतिग्रस्त भएका छन् । पेशावर, स्वाबी, चारसड्डा, साङ्ला, खैबर, डेरा इस्माइल खान र बाजौर सबैभन्दा बढी प्रभावित छन् । बाढीले जारा र तबिना नामका दुई बाँध पनि भत्काएको छ ।

## सडक दुर्घटनामा चार जनाको मृत्यु

**सिन्ह्वा**

अफगानिस्तान । उत्तरी प्रान्त बाल्खमा भएको सडक दुर्घटनामा चार यात्रुको मृत्यु भएको छ भने अन्य दश जना घाइते भएका छन् ।

शोल्गारा जिल्लालाई बाल्ख प्रान्तको राजधानी मजार-ए-शरीफ सहर जोड्ने सडकमा शनिबार राति दुईवटा कार एकआपसमा ठोक्किँदा महिला र बालबालिकासहित चार यात्रीको घटनास्थलमै मृत्यु भएको प्रान्तीय प्रहरील जनाएको छ ।

चालकको लापरवाही र सडकको दुरावस्थाका कारण अफगानिस्थानमा प्रायः सधै सवारी दुर्घटना हुने गरेका छन् । गत मङ्गलबार देशको पश्चिमी प्रान्त बाघिसमा यस्तै प्रकृतिको दुर्घटनामा परी चार जनाको मृत्यु भएको थियो ।

# आयल निगमको निजीकरण हल्ला कि यथार्थ ?



काठमाण्डु । नेपालमा पेट्रोलियम पदार्थको मूल्य घटबढ पुरानै विषय हो । यो मूल्यको घटबढले पारेको प्रभावले यहाँको अरु क्षेत्रलाई पनि असर गर्ने गर्दछ । त्यसैले यो मूल्यको घटबढ सदनदेखि सडकसम्मै सधैँ चर्चाकै विषय बन्ने गर्दछ ।

पेट्रोलियम पदार्थको मूल्य बढ्दा बहुक्षेत्रमा प्रत्यक्ष असर हुने भएकाले सामान्य घटबढ हुँदा त्यसले बजार तताइरहेको छ । विश्व बजारमा पेट्रोलियम पदार्थमा भएको भारी वृद्धिले नेपाललाई पनि स्वभावतः छोयो । त्यसकारण पनि नेपालमा पनि पेट्रोलियम पदार्थको मूल्य ह्वात्तै बढ्यो । नागरिकलाई राहत दिन भन्दै सरकारले पटकपटक गरेर कर छुटको घोषण पनि गरिरहेकै छ । पछिल्लो समयमा भारतबाट इन्धनको मूल्य घटेर आयो तर घाटा कायमै रहेको जनाउँदै नेपाल आयल निगम लिमिटेडले यसपटक मूल्य समायोजन नगरेपछि प्रशस्तै आलोचित भइरहेको छ ।

निगमका अनुसार पेट्रोलमा प्रतिलिटर रु १४ रुपैयाँ १९ पैसा र डिजेलमा रु २१ रुपैयाँ ९३ पैसा तथा ग्यासमा रु ५८२ रुपैयाँ ४२ पैसा घाटा भइरहेको छ । अहिले मासिक रु चार अर्ब ३२ करोड घाटा भएको निगमले जनाएको छ । अझै निगमलाई निजीकरण गरिने भन्ने चर्चा बाहिरिएसँगै सर्वत्र आशङ्का उब्जियो । त्यस विषयले सांसदहरुलाई समेत छोएपछि प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिमा आज घनिभूत छलफल भएको छ । त्यसमा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडू, सचिव अर्जुनप्रसाद पोखरेल र नेपाल आयल निगम लिमिटेडका कार्यकारी निर्देशक इञ्जिनीयर उमेशप्रसाद थानी सहभागी हुनुहुन्थ्यो ।

उहाँहरुसामु समितिका सदस्य नरबहादुर धामीले इन्धनको अन्तर्राष्ट्रिय बजारमा मूल्य घट्दा नेपालमा मूल्य किन समायोजन गरिएन, निगमलाई निजीकरण गर्ने विषय चर्चामा आएको छ त्यो के हो, निगमलाई पुनःसंरचना गर्नुपर्ने आवश्यकता हो कि होइन ? लगायतका प्रश्न राख्नुभएको थियो । समितिका अर्का सदस्य गोपालबहादुर बमले प्रश्न गर्नुभयो, 'इन्धन वितरणमा जनताहरु रुष्ट छन्, उनीहरुको चित्त बुझाउने कुरा के हो ? त्यसमा सरकार र आयल निगमले ध्यान दिनुपर्‍यो ।'

उहाँले कर छुट गरेर हुन्छ वा अन्य कुनै उपाय लगाएरै भए पनि समस्या समाधान गर्न र पश्चिम नेपालको विकट क्षेत्रमा पनि सहजरूपमा इन्धन प्राप्त हुने वातावरण निर्माण गर्न अनुरोध पनि गर्नुभयो । अर्का सदस्य प्रमोद शाहले पनि बाहिरबाट रकम घटेर आएपछि निगमले मूल्य घाटाउनुपर्नेमा नघटाएको भन्दै प्रश्न गर्नुभएको थियो । अर्का सदस्य प्रकाश रसाइलीले सरकारले कर घटाएको भनेर सार्वजनिक गरिए पनि जनताले महसुस गर्न नपाएको उल्लेख गर्नुभयो । सदस्य रामेश्वर राय यादव, सरिताकुमारी गिरीलगायतले इन्धनको आपूर्ति व्यवस्था र सरकारले दिने राहतका विषयमा गम्भीर प्रश्न उठाउनुभएको थियो ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री बडूले इन्धनको मूल्य प्रतिलिटर २० ९ सम्म पुगेको अवस्थामा सुरुको चरणमा १०/१० रुपैयाँ र पछिल्लो चरणमा पेट्रोलमा २० र डिजेलमा २ ९ रुपैयाँ कर घटाएर नागरिकलाई राहत दिने प्रयास गरिएको समितिमा जानकारी दिनुभयो । 'सरकार र निगमले घाटा खाएरै कम मूल्यमा इन्धन वितरण गरेको हो, निगमलाई अनुदान दिएर सरकारले सघाएको छ, जनतालाई मार पर्न दिनुहुन्न भन्नेमा सरकार गम्भीर छ', मन्त्री बडूले जवाफमा भन्नुभयो ।

उहाँले विगतदेखिका इतिहासलाई सार्वजनिक गरी निगमका गतिविधि पारदर्शी बनाउनेतर्फ आफ्नो ध्यान गएको र यसअघि भएका अध्ययन प्रतिवेदनको आफूले अध्ययन गरेको बताउनुभयो । उहाँले सरकारले इन्धन आपूर्तिको सवालमा निजी क्षेत्रलाई दिने भन्ने कुरा गलत भएको प्रष्ट् याउनुभयो । 'उपभोक्तासँग राय लिएर संसदीय समितिमा समेत छलफल गरी बन्ने नयाँ कानूनले मात्रै निजी क्षेत्रलाई दिने वा नदिने भन्ने हुन्छ, भ्रामक र गैरजिम्मेवार ढङ्गले भ्रम फैलाइएको छ', उहाँले थप्नुभयो ।

सबै प्रतिवेदन अध्ययन गरेर सुधार गर्ने योजनाका साथ अघि बढेको पनि उहाँले जानकारी दिनुभयो । जनतालाई सही मूल्यमा इन्धन पाउनुपर्छ र सहज आपूर्ति गराउनुपर्छ भन्ने उद्देश्यले योजना आयोगका उपाध्यक्ष विश्वनाथ पौडेलको नेतृत्वमा समिति बनेको पनि उहाँले जानकारी गराउनुभयो । उक्त समितिको प्रतिवेदन आउने वित्तिकै नयाँ पेट्रोलियम ऐन बनाउने भन्ने कुरा भएको पनि उहाँले जानकारी दिनुभयो । उहाँले इन्धन खपत घटाउँदै बिजुली प्रयोग बढाउन आग्रह गर्नुभएको छ ।

सचिव अर्जुनप्रसाद पोखरेल इन्धनको सहज, नियमित र गुणस्तरीय आपूर्ति नै महत्वपूर्ण भएको उल्लेख गर्दै त्यसतर्फ मन्त्रालयको ध्यान गएको बताउनुभयो । समितिका सदस्यहरुको प्रश्नको जवाफमा निगमका कार्यकारी निर्देशक थानीले गत जेठ १० को मन्त्रिपरिषद् बैठकले राष्ट्रिय योजना आयोगका उपाध्यक्ष विश्वनाथ पौडेलको नेतृत्वमा पेट्रोलियम पदार्थको आपूर्ति प्रणाली र नेपाल आयल निगमको संस्थागत सुधारका लागि उच्चस्तरीय अध्ययन कार्यदल गठन गरिएको जानकारी दिँदै त्यसका लागि बनेको ११ बुँदे टिओआरले कतै पनि निजीकरण गर्ने र निजी क्षेत्रलाई बिक्री वितरणको जिम्मा दिने भन्ने कुरा नभएको र यो बाहिर आएको हल्ला मात्रै भएको बताउनुभयो ।

समितिका सभापति विमलप्रसाद श्रीवास्तवले सरकारले तिर्नुपर्ने कर फिर्ता नगर्ने तर निगमले जग्गा राखेर ऋण लिनुपर्ने अवस्थाले आयल निगम कमजोर हुने भन्दै गम्भीर चासो व्यक्त गर्नुभएको थियो ।

बैठकपछि उहाँले निगमका विविध विषयमा यसअघि तयार भएको विभिन्न अध्ययन प्रतिवेदन र योजना आयोगका उपाध्यक्ष पौडेल नेतृत्वको समितिले बनाउने प्रतिवेदनमाथि छलफल गरेर मात्रै सरकारलाई आवश्यक निर्देशन दिने राससलाई बताउनुभयो । उहाँले उखु किसानका समस्याका विषयमा किसानसहित सरोकार राख्ने संस्था तथा प्रतिनिधिबीच छलफल गरी निष्कर्षमा जान पनि सरकारलाई निर्देशन दिएको जानकारी दिनुभयो ।

**इन्धन खरिद-बिक्रीको यस्तो छ वर्तमान अवस्था**

नेपाल आयल निगम लिमिटेडका कार्यकारी निर्देशक इञ्जिनीयर थानीले इन्धन आपूर्तिको हालको अवस्था बारेमा समितिमा जानकारी गराउनुभएको थियो । आजको दिनसम्म पेट्रोल प्रतिलिटर रु १८१ र डिजेल रु १७२ मा बिक्री भइरहेको छ । उहाँका अनुसार खरिदलागत (इण्डियन आयल कर्पोरेशनबाट आएको मूल्य र नेपाल सरकारको करसहित) पेट्रोलमा रु १९५ रुपैयाँ १९ पैसा र डिजेलमा रु १९३ रुपैयाँ ९२ पैसा छ ।

हालको बिक्री मूल्यलाई हेर्दा पेट्रोलमा प्रतिलिटर रु १४ रुपैयाँ १९ पैसा र डिजेलमा रु २१ रुपैयाँ ९३ पैसा तथा ग्यासमा रु ५८२ रुपैयाँ ४२ पैसा घाटाको व्यापार भइरहेको छ । कार्यकारी निर्देशक थानीले अहिले पेट्रोलमा प्रतिलिटर ६३ रुपैयाँ ३६ पैसा र डिजेलमा ४७ रुपैया ३ पैसा र ग्यासमा रु ३११ रुपैयाँ ७४ पैसा सरकारको कर रहेको रहेको जानकारी दिनुभयो ।

हालको बिक्री मूल्य हिसाब गर्दा निगमलाई मासिक रु चार अर्ब ३२ करोड घाटा भइरहेको उहाँले जानकारी दिनुभयो । निगमले आव २०७८/०७९ को असार मसान्तरसम्म नेपाल सरकारलाई रु एक खर्ब २० अर्ब छ करोड कर बुझाएको छ । पेट्रोलियम पदार्थको आयात पनि बढ्दो क्रममा रहेको उहाँले जानकारी दिनुभयो । आव २०७७/०७८ मा रु एक खर्ब ५८ अर्बको इन्धन ल्याइएकोमा आव २०७८/०७९ मा रु तीन खर्ब १० अर्बको आयात भएको जनाइएको छ ।

नेपाल सरकारबाट मूल्य अभिवृद्धिकर (भ्याट) वापत रु सात अर्ब ३५ करोड फिर्ता पाउनुपर्नेमा रु दुई अर्ब ७५ करोड मात्रै फिर्ता भएको पनि उहाँले जानकारी दिनुभयो । आव २०७८/०७९ को असार मसान्तसम्ममा निगमलाई करिबकरिब ५० अर्ब घाटा हुने देखिएको उहाँले समितिलाई जानकारी दिनुभएको छ । निगमले हाल इण्डियन आयल कर्पोरेशनलाई रु २२ अर्ब ४० करोड तिर्न बाँकी छ । रु ३१ अर्ब रहेकोमा ऋण लिएर अरु रकम घटाएको हो ।

निगमले नेपाल सरकारबाट गत असार ३१ गते पाँच प्रतिशत ब्याजदरमा रु सात अर्ब ऋण लिएको छ । उक्त ऋण पाँच वर्षका लागि लिइएको हो । निगमको टेकुमा रहेको जग्गा धितो राखेर राष्ट्रिय वाणिज्य बैंकबाट नौ प्रतिशत ब्याज तिर्ने गरी तीन अर्ब रुपैयाँ ऋण लिइएको समितिमा जानकारी गराइएको थियो । उक्त ऋण तीन महिनाका लागि हो ।

अन्तर्राष्ट्रिय बजारमा १७ जुलाईमा प्राप्त मूल्य सूचीअनुसार पेट्रोलमा साढे १५ रुपैयाँ र डिजेलमा साढे १६ रुपैयाँ घटेर आएको थियो । त्यसबेला पेट्रोलमा ३० रुपैयाँ र डिजेलमा ३८ रुपैयाँ घाटा रहेकेमा अहिले घटेर आउँदा पनि पेट्रोलमा प्रतिलिटर रु १४ रुपैयाँ १९ पैसा र डिजेलमा रु २१ रुपैयाँ ९३ पैसा घाटा रहेकाले मूल्य समायोजन गर्न नसकिएको पनि जानकारी दिनुभयो ।रासस

# नेपाल इयूको उडान सुरक्षासूचीबाट छिट्टै हट्छ : पर्यटनमन्त्री श्रेष्ठ



काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले युरोपेली सङ्घ (इयू) ले नेपालको हवाई क्षेत्रलाई छिट्टै उडान सुरक्षा सूचीबाट हटाउने बताउनुभएको छ ।

नेपाल नागरिक उडड् यन प्राधिकरणले आइतबार आयोजना गरेको 'आर्थिक वर्ष २०७९/०८० को बजेट तथा कार्यक्रमसम्बन्धी पत्रकार भेटघाट कार्यक्रममा उहाँले छिट्टै नेपाललाई इयूले उडान सुरक्षा सूचीबाट हटाउने विश्वास व्यक्त गर्नुभयो । मन्त्री श्रेष्ठले अन्तर्राष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) ले हालै गरेको अडिटअनुसार नेपालको हवाई क्षेत्रले राम्रो प्रगति गरेको बताउनुभयो ।

उहाँले सम्बन्धित पक्षले प्राधिकरणलाई पत्राचार गरेर अनसाइट अडिट पठाउँछौँ भनिसकेको उल्लेख गर्दै त्यसपछि नेपाल कालोसूचीबाट हट्ने बताउनुभयो । मन्त्री श्रेष्ठले भन्नुभयो, 'इयूको लिस्टेडबाट नेपाललाई हटाउनुपर्छ त्यसका लागि हामीले उच्च प्राथमिकतासहित काम अगाडि बढाउनुपर्छ । आइकाओको अडिटबाट हामीले जुन पोजिशन पाएका छौँ, अब उनीहरुले हामी सहकार्य गर्न चाहन्छौँ । पार्टनर सिपमा हामी जान चाहन्छौँ । त्यसैले हामी अनसाइट अडिट पठाउँछौँ भन्ने कुरा लेटर हाम्रो क्यानको महानिर्देशकलाई सम्बोधन गरेर पठाएको छ । मलाई लाग्छ यो हाम्रो लागि खुशीको कुरा हो ।'

उहाँले इशाका तर्फबाट अनसाइट अडिट भइसकेपछि नेपाल सुरक्षा सूचीबाट हट्ने र नेपालले युरोपमा उडान गर्नसक्ने अवस्था आउने विश्वास व्यक्त गर्नुभयो ।

मन्त्री श्रेष्ठले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्णरूपमा सञ्चालन गरिने बताउँदै विमानस्थलमा एयरलाइन्सलाई आकर्षण गर्न र विभिन्न छुट तथा सुविधाहरु दिइने उल्लेख गर्नुभयो । उहाँले अन्तर्राष्ट्रिय विमानस्थल र आन्तरिक विमानस्थललाई सुदृढ, व्यवस्थित र प्रभावकारी बनाइने बताउनुभयो ।

प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले आइकाओको अडिटले नेपालको उडान सुरक्षादर विश्वस्तरभन्दा माथि रहेकाले इयूले उडान सुरक्षासूचीमा राखिरहनुको औचित्य नरहेको भन्दै छिट्टै नेपाल युरोपका आकाशका लागि खुला हुने विश्वास व्यक्त गर्नुभयो । रासस

# नेपाल एसबीआई बैंकलाई अवार्ड

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल एसबीआई बैंकलाई अवार्ड दिइएको छ । सिगांपुरस्थित एशियन बैंकिङ्गद्धारा अवार्ड प्रदान गरिएको हो ।

एसबीआईले उत्कृष्ट एवं भरपर्दो बैकिङ्ग सेवा प्रदान गरेका कारण पुरस्कृत भएका छन् ।

नेपाल डोमस्टि टेक्नोलोजि एण्ड अप्रेशन बैंक अफ द इयर तथा नेपाल डोमेस्टीक इनिसेएटिभ अफ द इयर अवार्डबाट पुरस्कृत भएको बैंकद्धारा जारी गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

सन् १९९३ मा स्थापना भएको यस बैंकको ५१ वटा जिल्लामा एक सय २९ शाखा कार्यालय रहेको छ ।

# हिमाल दोलखाको शेयर कारोबारमा रोक

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्जले हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर कारोबारमा रोक लगाएको छ ।

नेप्सेले शेयर धनीलाई उपलब्ध गराउने भनेको हकप्रद शेयरका सम्बन्धमा जानकारी गराउने प्रक्रिया र विधि नमिलेको तथा कारोबार समयमा नै उक्त जानकारी दिएको भन्दै तीन दिनभित्र स्पष्टीकरण पेश गर्न निर्देशन दिएको छ । नेप्सेको कारोबार समयभित्र सञ्चालक समितिको बैठकले आफ्ना शेयरधनीलाई हकप्रद शेयर दिने प्रस्ताव गरेको हो ? भन्ने प्रश्न राख्दै तीन दिनभित्र के कति कारणले त्यस्तो भएको हो भन्नेबारेमा जानकारी गराउन निर्देशन दिएको छ ।

सो कम्पनीले सर्वसाधारणलाई सूचनाको पहुँचबाट वञ्चित गराई शेयर मूल्यमा प्रभाव पारेको देखिन आएको जनाएको छ । रासस

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार पनि उच्च अङ्कले उकालो लागेको छ । शेयर कारोबार हुने साताको पहिलो दिन आइतबार नेप्से परिसूचक ५४.५८ अङ्कले उकालो लागेर दुई हजार १९५.१० मा पुगेको छ ।

यस्तै, ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ९.७२ अङ्कले ओरालो लागेर ४१९.२० मा पुगेको छ । नेप्सेको उकालो यात्रासँगै कारोबार रकमसमेत उकालो लागेको छ । कूल २२० कम्पनीको एक करोड १३ लाख ३९ हजार ४७६ कित्ता शेयर रु चार अर्ब ६० करोड ९७ लाख ९१ हजार २७२ मूल्यमा खरिद बिक्री भए ।

नेप्सेका अनुसार कारोबार भएका कूल १३ उपसमूहमध्ये आइतबार वित्त क्षेत्रको शेयर मूल्यमा ३१.९३ अङ्कले गिरावट भयो । बाँकी १२ उपसमूहको शेयर मूल्य भने उकालो लाग्यो । नेप्सेका अनुसार बैंकिङ ४०.६२, व्यापार ७५.२८, होटल तथा पर्यटन ८०.१९, विकास बैंक ३१.५७, जलविद्युत् २०.४३, निर्जीवन बीमा ३७४.०८, उत्पादन ९८.४३, अन्य ५२.७७, लघुवित्त ५४.२६, जीवन बीमा ४१२.८९, सामूहिक लगानी कोष ०.११ र लगानी ३.३७ अङ्कले उकालो लागेको छ ।

आइतबारको कारोबारपछि बजार पुँजीकरण रु ३१ खर्ब ३४ अर्ब ४७ करोड आठ लाख ९९ हजार ७७२ बराबर पुगेको छ । कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ । सो कम्पनीको रु २१ करोड ३४ लाख १६ हजार ८६० बराबरको कारोबार भयो ।

यस्तै, नेपाल दूरसञ्चार कम्पनी रु १५ करोड २३ लाख २० हजार ४८५, एशियन लाइफ इन्स्योरेन्स रु ११ करोड ५४ लाख ७४ हजार ५००, हिमालयन डिस्टिलरी रु १० करोड ३७ लाख ७३ हजार ४०२ र नेशनल हाइड्रोपावर कम्पनी रु नौ करोड ७९ लाख १३ हजार २४८ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार आइतबारको कारोबारका विभिन्न आठ कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । ती कम्पनीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भएको हो । ती कम्पनीमा नेपाल इन्स्योरेन्स, नेको इन्स्योरेन्स, आइएमई जनरल इन्स्योरेन्स, प्रडेन्सियल इन्स्योरेन्स, एनएलजी इन्स्योरेन्स, युनाइटेड इदी मर्दी आरबी आइड्रोपावर, स्वाभिमान लघुवित्त र युनाइटेड इन्स्योरेन्स कम्पनी छन् ।

त्यस्तै, गुडबिल फाइनान्सको ऋणपत्र ३.९४, नेशनल हाइड्रोपावर ३.३०, मल्टिप्रपोज फाइनान्स कम्पनी ३.१२, नबिल ब्यालेन्स फण्ड ३.०३ र सिन्धु विकास बैंकका लगानीकर्ताले २.९४ प्रतिशतले गुमाएका छन् । रासस

# टिभिएसले ल्यायो 'फाइनान्स' अफर

**टुडे समाचाारदाता**

जनकपुरधाम । जगदम्बा मोटर्सले फाइनान्स सम्बन्धी नयाँ अफर ल्याएको छ । आइतबार जगदम्बा मोर्टसले 'बब्बाल फाइनान्स अफर' सार्वजनिक गरेको छ ।

य ी योजनाअन्तर्गत ग्राहकहरूले टिभिएस मोटरसाइकल र स्कुटर खरिदमा २० प्रतिशत डाउनपेमेन्ट सुविधामा खरिद गर्न सकिने छन् । सोही योजनाअन्तर्गत न्यूनतम इएमआई क्रमशः जुपिटरमा तीन हजार नौ सय आठ रुपैयाँ, एनटीओआरक्यु इस्क्वाड इडिसनमा पाँच हजार दुई सय ५४ रुपैयाँ र अपाचे आरिटआर २००४ भीमा छ हजार आठ सय २२ खरिद गर्न सकिने कम्पनीले जनाएको छ ।

त्यसैगरी, कम्पनीका अनुसार ग्राहकहरूले अपाचे आरटिआर २०० ४-भी को नगद खरिद गरेपछि टिभिएस रेसिङ ज्याकेट निःशुल्क प्राप्त गर्नेछन् । यस्तै, पुरानो मोटरसाइकल वा स्कुटर एक्सचेन्ज गरी नयाँ खरिद गर्दा बजारकै उत्कृष्ट मूल्यांकन गर्ने कम्पनीको भनाइ छ । यो योजनाअन्तर्गत कागजात प्रक्रियामा समस्या नआउने कम्पनीले विज्ञप्तिमार्फत जनाएको छ ।

टिभिएसका प्रबन्ध निर्देशक दीपक रौनियारले फाइनान्स योजनाले ग्राहकलाई टिभिएस खरिद गर्न अझ सजिलो हुनुका साथै नयाँ टिटिएस मोटरसाइकल र स्कुटर खरिद गर्दा आर्थिक भार समेत कम हुने बताए । जगदम्बा मोटर्स नेपालमा टिभिएस दुई पांग्रे सवारी साधनको एक मात्र आधिकारिक वितरक हो । कम्पनीको नेपालभर १ सय ३७ भन्दा बढी डिलरहरू छन् ।


# बढ्यो सुनको मूल्य

काठमाण्डु । सुनचाँदी बजारमा साताको पहिलो कारोबारको दिन आइतवार छापावाल सुनको मूल्य प्रतितोला रु ९५ हजार ८०० तोकिएको छ । अघिल्लो दिन प्रतितोला रु ९५ हजार ६०० मा कारोबार भएको पहैँलो धातुको मूल्य आज प्रतितोला रु २०० ले बढेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार आइतवार तेजाबी सुनको मूल्य प्रतितोला रु ९५ हजार ३०० छ । यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९५ हजार १०० थियो ।

त्यस्तै आइतवार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला रु १० ले बढेर रु एक हजार २३० तोकिएको छ । महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यको तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ ।रासस

# मर्स्याङ्दी जलविद्युत्को उत्पादन पूर्ण क्षमतामा



दमौली ।तनहुँको आँबुखैरेनीस्थित मर्स्याङ्दी जलविद्युत् आयोजनाले पूर्ण क्षमतामा विद्युत उत्पादन गरिरहेको छ । ६९ मेगावाट क्षमताको आयोजनाले सोही क्षमतामा नै विद्युत् उत्पादन गरिरहेको हो ।

यसअगाडि क्षमताभन्दा कम विद्युत् उत्पादन भएकामा केही दिनदेखि वर्षा भएको र हिमाल पग्लिएर नदीमा पानीको बहाव बढेपछि पूर्ण क्षमतामा विद्युत् उत्पादन भएको मर्स्याङ्दी जलविद्युत् केन्द्रका प्रमुख बद्री फुयाँलले जानकारी दिनुभयो । उहाँका अनुसार तीन युनिटबाट २३/२३ गरी ६९ मेगावाट विद्युत् उत्पादन भइरहेको छ । 'यो केन्द्रमा धेरै बाढी आएको बेला गेग्राङहरु थेग्राउने र काठ दाउरा निकाल्न मिल्ने गरी दुई गेट रहेकोले हाल पूर्ण क्षमतामा नै उत्पादन भइरहेको छ', उहाँले भन्नुभयो ।

मर्स्याङ्दी हिमालबाट बगेर आएको नदी हो । गर्मी मौसममा तापक्रम बढ्दै जाँदा हिँउ पनि बढी पग्लिने र वर्षा धेरै हुँदा नदीमा मिसिने अन्य खोलानाला पानी धेरै हुने भएकोले नदीमा पानीको बहाव बढ्दा उत्पादन बढेको केन्द्रले जनाएको छ । केन्द्रका अनुसार सुक्खा याममा भने हिउँ कम पग्लने र नदीमा मिसिएका खोला, खोल्सी र झरनामा पानी कम हुने भएकाले पानीको बहाव थोरै हुँदा आयोजनाबाट ४० मेगावाटको हाराहारीमा विद्युत् उत्पादन हुन्छ । यो केन्द्रबाट उत्पादित विद्युत् चितवनको भरतपुरबाट काठमाडौँको स्टेशनमार्फत् राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ । रासस


## भूमि सुधार तथा मालपोत कार्यालय, सर्लाही

## ३५ दिने सार्वजनिक सूचना

जिल्ला सर्लाही साविक गा.वि.स बरहथवा वडा न- हाल बरहथवा नगरपालिका वडा न-८ मा बस्ने ईश्वरी प्रसाद पोखरेललाई हकदावी गर्न आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही साविक गा.वि.स फुलकाहा वडा न न- हाल मुर्तिया गापा वडा न-७ मा बस्ने डोमी महतोको नाउँमा दर्ता कायम रहेको जि.स गाविस गंगापुर सितापुर वडा न-८ घ कि.न १२३ को ज.वि ०-०-१० जग्गाको मोही महलमा रहेको इश्वरी प्रसाद श्रेष्ठको नाम मरुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा यस कार्यालयबाट जारी भएको १५ दिने म्याद मिति २०७९/०३/२८ को आदेश बमोजिम यो सूचना जारी गरिएको छायो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफु वा ऐन बमोजिमको र प्रमाण सहित वारेश पठाउनु होला ।नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही नामसारी तथा बाँडफाँड तर्फको कार्यवाही भै जाने ब्योहोरा यसै सूचना द्वारा जानकारी गराइन्छ ।

पछि तपाईंको उजुर बाजुर लाग्ने छैन।

## भूमि सुधार तथा मालपोत कार्यालय, सर्लाही

## ३५ दिने सार्वजनिक सूचना

जिल्ला सर्लाही साविक गा.वि.स जब्दी वडा न-९ हाल लालबन्दी नगरपालिका वडा न-१७ मा बस्ने इन्द्र बहादुर नेपाली क्षेत्रीलाई हकदावी गर्न आउने वारेको सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सर्लाही साविक गा.वि.स रानीगंज वडा न-४ हाल लालबन्दी नपा वडा न-१७ मा बस्ने सावित्रा श्रेष्ठको नाउँमा दर्ता कायम रहेको जि.स गाविस जब्दी वडा न-९ ग कि.न १९८ को ज.वि ०-०-१७ जग्गाको मोही महलमा रहेको इन्द्र बहादुर नेपाली क्षेत्रीको नाम मरुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा यस कार्यालयबाट जारी भएको १५ दिने म्याद हक दावी सम्बन्धि सूचना मिति ०७९/२/७ र मिति २०७९-३-१४ को आदेश बमोजिम यो सूचना जारी गरिएको छायो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफु वा ऐन बमोजिमको र प्रमाण सहित वारेश पठाउनु होला ।नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मोही नामसारी तथा बाँडफाँड तर्फको कार्यवाही भै जाने ब्योहोरा यसै सूचना द्वारा जानकारी गराइन्छ ।

पछि तपाईंको उजुर बाजुर लाग्ने छैन।

# जग्गाको माग गर्दै भूमिहीनद्वारा सडकमा प्रदर्शन




**टुडे समाचारदाता**

जनकपुरधाम । भूमिहीन, दलित सुकुम्वासीहरुले जग्गाको माग गर्दै मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अगाडि सडकमा सुतेर विरोध प्रदर्शन गरेका छन् । आइतबार धनुषाका भूमिहीन, दलित, सुकुम्बासीले जनकपुरधाममा विरोध प्रदर्शन गरेका हुन् ।

सुकुम्वासीहरुको नाउँमा गैर सुकुम्वासीहरुको हालिमुहालि रहेको उनीहरुको आरोप छ । सिरहास्थित मारुती सिमेन्टले कब्जा गरेको वनको जग्गा फिर्ता हुनुपर्ने लगायत विभिन्न ५ बुँदे माग राख्दै चुरे तथा वनजंगल संरक्षण अभियानका अभियन्ताहरु विगत १२ दिनदेखि जनकपुरधामको जनकचोकमा रिले अनशनमा बस्दै आएका छन् ।

करिव १ वर्ष अघि प्रदेश सरकारले आफूहरुसँग गरेको ७ बुँदे सम्झौता कार्यान्वयन गर्न कुनै चासो नदेखाएको भन्दै पुनः रिले अनसनमा बसेको उनीहरुको भनाइ छ । तत्कालीन समयमा अनसनकारीका तर्फबाट राखिएको ५ बुँदे मागका सम्बन्धमा प्रदेश सरकारले प्रदेश सरकारको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको उपसचिवको संयोजकत्वमा ५ सदस्यीय छानबिन समिति गठन गरेको थियो ।

समितिले ७ दिन भित्रमा प्रतिवेदन बुझाउने सहमतिमा भएको थियो । तर उक्त सहमतिको झण्डै एक वर्ष हुन लाग्दा पनि सरकारले प्रतिवेदन सार्वजनिक गर्न मोनेका छैनन् । चुरे संरक्षणसहितको ५ बुँदे माग राख्दै जनकपुरधामको जनकचोकमा ९ दिनसम्म गरेको आमरण अनसन पश्चात प्रदेश सरकारका भौतिक पूर्वाधार विकासमन्त्री रामसरोज यादवले ७ बुँदे लिखित सहमति गरेपछि अनसन तोडिएको थियो ।

मधेशको लाइफलाइनको रुपमा रहेको चुरे तथा वनजंगलको अहिले केही निहित सोच भएका व्यक्ति तथा माफियाका कारण दिन-प्रतिदिन दोहन हुँदै गइरहेको अभियानको दावी छ । चुरे विनाशकै कारण मधेशमा पानीको जलस्तर समेत घट्दै गइरहेको अवस्थामा चुरे विनाश हुनबाट बचाउनु सबैको कर्तव्य रहेको अभियानीहरुको कथन छ ।

चुरे अभियन्तामाथि लगाइएको झुटा मुद्दा खारेज हुनुपर्ने, वन नियमावली २०५१ को दफा २२ लाई मिचेर डिभिजन वन कार्यालय सिरहाका प्रमुख सुभाष दासले आर्थिक कार्यक्रम सञ्चालन गरेको र सो कुन आधारमा गरेको हो त्यसको छानबिन हुनुपर्ने माग उनीहरुको छ । त्यसैगरी, गत आर्थिक वर्षमा डिभिजन वन कार्यालय सिरहाले कोटेसनमार्फत खरिद गरेको फलफूल बिरुवा खरिदमा गरेको अनियमितताको छानबिन हुनुपर्ने र आर्थिक वर्ष २०७६/०७७ र २०७७/०७८ मा डिभिजन वन कार्यालय सिरहाले गरेको कार्यमाथि छानबिन हुनुपर्ने लगायतका माग उनीहरुले गरेका छन् ।

# मानव निर्मित तालमा काम नहुँदै भुक्तानी

## भारतीय पर्यटकको ओइरो, वार्षिक १० करोड़ बढी आम्दानी

**टुडे समाचारदाता**

जनकपुरधाम । सर्लाहीको मानव निर्मित तालमा काम नहुँदै भुक्तानी भएको पाइएको छ । आइतबार स्थलगत निरीक्षणको लागि पुगेका सार्वजनिक लेखा समितिले त्यहाँ काम पुरा नहुँदै प्रदेश सरकारले भुक्तानी दिइएको कमजोरी औल्याएको हो ।

असार ६ गते उक्त तालमा विभिन्न कामका लागि प्रदेश सरकारले ३० करोड रुपैयाँ निकासा गरेको थियो । समितिको सभापति नरेशकुमार यादवले काम नहुँदै भुक्तानी, अर्को काम पनि प्रदेश सरकारकै बजेटमा देखाइएको र टेण्डर भएपछि प्रदेश सरकारले बजेट दिएको लगायतको कमजोरी फेला परेको उनले जानकारी दिए । यद्यपि उनले उपभोक्ता समितिको फाइल अध्ययन गरेपछि मात्रै अनियमितता बारे यकिन साथ भन्न सक्ने बताए ।

समितिले प्रदेश सरकारको अर्थ मन्त्रालयबाट फाइल मगाइसकेका छन् । समितिले उपभोक्ता र टेण्डरबाट भएको कामको दुई दिनभित्र फाइल माग गरेका छन् । 'सबैभन्दा शंकाको कुरा पहिले टेण्डर भएको छ । त्यसपछि प्रदेश सरकारले बजेट निकासा गरेको छ,'उनले भने,'फेरि भुक्तानी सबै भइसकेको छ । तर काम अझै हुँदै छ ।'

समितिका सदस्य तथा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का सांसद उपेन्द्र महतोले तालमा प्रदेश सरकारले गरेको लगानीमा व्यापक अनियमितता भएको ठहर गरे । त्यहाँ तीनै तहको सरकारको लगानी देखिएको हुनाले कागजात आएपछि मात्रै यकिन साथ भन्न सक्ने उनले बताए । 'त्यहाँको अवस्था भद्रगोल छ । तीनै तहको सरकारसँग बजेट लिएर काम गरेको छ,'उनले भने,'कुन काम कुन सरकारले गरेको हो । हामी प्रष्ट हुन सकेनौं ।'



समितिको अर्का सदस्य शिवचन्द्र चौधरीले प्रपोजलको आधारमा अधिकांश काम मेल नखाएको बताए । प्रदेश सरकारबाट रिफ्रेस सेन्टर निर्माणको लागि लिएको बजेटले होटल बनाइरहेको उनले बताए । ३० करोड रकमको सबै काम असार मसान्तमै भएको हुनाले उनले पनि अनियमितताको आशंका गरे । तालमा सौन्दर्यकरण, रि फ्रेस सेन्टर, प्रतीक्षालय, पार्क निर्माण र १२ हजार आँपको बोट रोप्ने लगायत कामका लागि बजेट दिएको थियो । यी सबै काम १९ दिनमै सम्पन्न भएको भन्दै प्रदेश सरकारले भुक्तानी दिएको छ । काम बारे प्रदेशसभा बैठकमा व्यापक अनियमितता भएको आवाज उठेपछि सभामुख सरोजकुमार यादवले सार्वजनिक लेखा समितिलाई छानबिन गर्न निर्देशन दिएको थियो । प्रदेश सरकारले गरेको लगानी र पोखरी निर्माणको क्रममा त्यहाँबाट उत्खनन् भएको बालुवा, गिट्टी र ढुंगा, माटो र ग्राभेलको लेखाजोखा पनि गरिएको छैन् ।

यी तालको नाम सुरुमा भरत ताल राखिएको थियो ।पछि मेयरको नाममा राखिएको भन्दै विवाद हुन थालेपछि परिर्वतन गरी मानव निर्मित ताल नाम राखिएको छ । यी मानवले उत्खनन् गरी बनाएको छ ।

बागमती नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विमल पोखरेलले ताल निर्माणबाट वार्षिक २ करोड भन्दा बढी आम्दानी हुन थालेको बताए ।'तालमा माछाको ठेक्का लागेको र आन्तरिक र वाह्य पर्यटकहरु आउने क्रममा दिनहुँ वृद्धि भइरहेको छ ।

किसानको खेतमा पानीको सुविधा भएकाले ताल बहुआयामिक उपयोगी भएको उनले जनाए ।पर्यटकीय दृष्टिकोणले मात्र ताल निर्माण नभएको उल्लेखगर्दै उनले त्यसबाट अनेक प्रकारले प्रत्यक्ष लाभ प्राप्त भइरहेको बताए ।

'वातावरणीय सन्तुलन मिलाउन पनि ताल महत्वपूर्ण रहेको छ' पोखरेलले भने, तालको कुनै पक्ष कमजोर रहेको छैन् ।

तालमा उत्खननबाट वार्षिक करिब २ करोडको बालुवा, गिट्टीबाट आम्दानी, तालमा सञ्चालित बोटबाट वार्षिक डेढ करोड, होटेलबाट वार्षिक १ करोड, प्रवेश शुल्कबाट २ करोड गरी वार्षिक १० करोड आम्दानी कम्तीमा हुने उनको दाबी छ ।

# हत्यारालाई कारबाहीको माग

**मनोज माझी**

सप्तरी । सप्तरीको खडक नगरपालिका ९ का ५० वर्षीय बौली चौधरीको हत्यारालाई कारबाही माग गरिएको छ । दुई साताअघि पूजाको प्रसाद खान बोलाएर छिमेकीले सांघातिक आक्रमण गर्दा गम्भीर घाइते भइ मृत्यु भएका चौधरीको हत्याराको कारवाहीको माग गरिएको छ । छिन्नमस्ता अस्पतालमा उपचारको क्रममा चौधरीको आइतबार मृत्यु भएको हो ।



टाउँकोमा गम्भीर चोट लागेका चौधरीको न्यूरो अस्पताल बिराटनगरमा समेत उपचार गरिएको थियो । तर, त्यहा निको नभइ चिकित्सकले अब घरमै लगेर राख्ने सल्लाह दिएपछि परिवारजनले अन्तिम प्रयास स्वरुप उनलाई दुई दिनअघि मात्र सो अस्पतालमा भर्ना गराएका थिए ।

मृतकका जेठी छोरी चन्द्ररेखाका अनुसार गत असार २९ गते छिमेकी सुकमरिया देवीले बुबा बौलीसहित भिम राम र जितकुमार रामलाई पूजाको प्रसाद खान घर बोलाएका थिए । प्रसाद हातमा लिएकै बेला अचानक पछाडिबाट आएका सुकमरियादेवीका २५ वर्षीय छोरा उदयकान्तले बुबाको टाउँकोमा निर्ममतापूर्वक लाठी प्रहार गरी भागेको थियो ।

गम्भीर घाइते भएका बुबालाई तत्कालै स्थानीय देवकान्त चौधरीको उपचार केन्द्रमा र त्यसपछि लहानस्थित एक अस्पतालमा पुऱ्याउँदा भर्ना लिन नमानेको उनले सुनाइन् । त्यसपछि बिराटनगरस्थित न्यूरो अस्पताल पुऱ्याइएको कान्छी छोरी आशाले बताइन् । तर, साउन १० गते सो अस्पतालका चिकित्सकले अब बचाउन नसकिने भन्दै घरमै लैजान सल्लाह दिएका थिए ।

मृतक चौधरीका दुई छोरी र एक छोरा छन् । डेढ महिना मात्र छोरा रबीन्द्र रोजगारीका लागि विदेश गएको बेला भएको घटनाले दुबै छोरी बेसहारा भएकी छिन् । गरिबीका कारण बुबा बौली सुकमरिया देवीकै खेतमा ज्याला मजदुरी गर्ने गरेको आशाले बताइन् । 'त्यही खर्चबाट घर खर्च चलाउँदै आएको बुबाको हत्याले टुहुरा बनाए, हामी दुई बहिनी अब बेसहारा भयौं,'उनले पीडा सुनाइन् ।

दिदीबहिनीले प्रसाद खान जानु नै बुबाका लागि मृत्युको कारण बनेको बताउँदै हत्यामा संलग्नलाई कडा कारवाही हुनुपर्ने माग गरेकी छिन् । सप्तरीका प्रहरी नायव उपरीक्षक (डिएसपी) माधवप्रसाद काफ्लेले बौली चौधरीमाथी आक्रमण गर्ने छिमेकी उदयकान्तलाई घटनाको भोलीपल्ट नै पक्राउ गरिएको बताए ।

उनले उदयकान्तमाथि ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भई हाल उनलाई इलाका प्रहरी कार्यालय कल्याणपुरको हिरासतमा राखिएको जानकारी दिए । घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

# वर्षाले मधेशमा राहत

टुडे समाचारदाता

जनकपुरधाम । वर्षा समयमा पनि पानी नपरी ४० डिग्रीभन्दा माथि तापक्रम पुगेको मधेशमा शनिबारदेखि भएको वर्षाले उखरमाउलो गर्मी कम भएको छ । ढिलो गरी आएको वर्षाले बल्ल यो क्षेत्रको गर्मी कम भई शीतलताको अनुभुति भएको हो ।

देशभर सामान्य बदली भई अधिकांश भू-भागमा मेघगर्जन तथा चट्याङसहित वर्षा हुने जल तथा मौसम विज्ञान विभागले जनाएअनुसार शनिबार साँझबाट मध्य तराईमा पनि पानी पर्न थालेको छ । वर्षा नहुँदा रोप्ने बेलाको धानको ब्याड नै सुक्दै गएको यो क्षेत्रमा ढिलो गरी आएको पानीबाट सर्वसाधारणभन्दा कृषक बढी खुसी भएका छन् ।

यहाँका किसानले बल्ल खुलेर धान रोप्न पाएका छन् । शहरबजारमा पनि गर्मीले छट्पटाएका आममानिस थोरै शीतलताको महसुस गरिरहेका छन् । वर्षा अभावमा बढेको गर्मीका कारण हुने विभिन्न रोगको सामना गरिरहेका बिरामीलाई पनि केही राहत मिलेको छ ।

पहिले नै आउनुपर्ने पानी ढिलो गरी आएकोले सर्वसाधारणले बल्ल राहतको श्वास फेर्न पाएको स्थानीय रामजिवन महराले बताए । बजार क्षेत्रमा त नालामा पानी भरिएर कतिपय ठाउँमा सडकमा पनि पानी जम्न थालेको उनको भनाइ छ ।

मौसम विभागले मनसुनको न्यूनचापीय रेखा पश्चिममा सरदर स्थानको आसपास र पूर्वमा सरदर स्थानभन्दा केही उत्तरतिर अवस्थित रहेको जनाएको एकदिन पछिदेखि परेको पानीले अहिलेसम्म मधेशमा कुनै क्षति भएको छैन् ।

मधेश प्रदेशमा बल्ल आकाशे पानी पर्न थालेकोको पानीको डुवान र कटान जस्ता विपतबाट जोगिन सतर्क भने रहनु पर्ने समय भएको जानकारहरुको तर्क छ । आगामी २४ घण्टा देशका धेरै स्थानमा मेघगर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षा हुने मौसम विभागको सन्देश अनुसार अझै पानी थपिने सम्भावना देखिएको छ ।

मौसम चिसिने कुरासँगै डुवान र कटानबाट भने होचो जमिनमा रहेका सर्वसाधारण सुरक्षित रहनु पर्ने दायित्व पनि मधेशका जिल्लामा थपिएको हो । होचो भू-भागमा भू-क्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहने भएकोले नदीनाला तथा खोला नजिकमा बस्ने सर्वसाधारणले पानीको सतह बढ्न सक्ने र दैनिक जनजीवन, यातायात क्षेत्र समेत प्रभावित हुन सक्ने सम्भावना रहँदा सर्तक रहनु प्रशासनले जनाएका छन् ।

# झुला महोत्सव सुरु



**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधाममा आइतबारदेखि झुलन महोत्सव सुरु भएको छ । १३ दिनसम्म चल्ने महोत्सव जानकी मन्दिर सहित अधिकांश मन्दिरमा रामजानकीको मूर्तिलाई झुलामा राखेर झुलाउने गरिन्छ ।

उत्सव मनाउन जानकी मन्दिर लगायत अधिकांश मन्दिरलाई विशेष रुपले सजाइएको छ । प्रत्येक वर्ष साउन महिनामा जनकपुरमा यो उत्सव हुने गरेको छ । जनकपुरधामलाई मन्दिर र पोखरीको सहर भनिन्छ ।

यहाँ ५२ कुटी र ७२ कुण्ड पौराणिक इतिहास बोकेको छ । झुलनोत्सवको प्रारम्भ पहिलोचोटी भगवान राम जानकीले त्रेता युगमा सुरु गरेका विभिन्न धार्मिक ग्रन्थहरुमा उल्लेख छ । जनकपुरधामको हरेक मन्दिरमा रामजानकीको मूर्तिलाई झुलामा केही घण्टाका लागि बसाउने गरिन्छ ।

त्रेतायुगमा भगवान् राम र सीताको शुभ विवाहको उपलक्ष्यमा मिथिलाका विदेह राजा शिरध्वज जनकले आयोध्यावासीलाई उपहारस्वरुप दिएको सुनचाँदी तथा मणिको भारले अयोध्यामा पहाडनै बनेको थियो ।

सीताको सामु पहाडको महत्व नरहेको भन्दै सो समान लिन राजा दशरथले अस्वीकार गरेका थिए । जसलाई नगरको बाहिर राखेको थियो । दशरथको व्यवहारले जनक दुःखी नहुन् भनेर मणि पर्वतमा राम सीताले उत्सव गरेका थिए । त्यसैको सम्झनामा मिथिला र अयोध्यामा यो उत्सव हुने गरेको जानकारहरु बताउँछन् । झुलनोत्सवका लागि जानकी मन्दिरसहित जनकपुरको अधिकांश मन्दिरमा विशेष झुला प्रत्येक वर्ष बनाउने परम्परा रहेको छ । झुलाउने क्रममा विभिन्न भजनकीर्तन गरिन्छ । साउन शुक्ल तृतीयादेखि पूर्णिमासम्म झुला उत्सव मनाइन्छ ।

यस अवधिमा झुलाका लागि सिंहासनको निर्माण गरी सजाइएको गद्दीमा रामसीता मूर्ति राखी झुलाउने परम्परा रहेको छ । मिथिला क्षेत्रमा कृषि रोपाइ सकिने वित्तिकै झुला पर्वको रौनक सुरु हुन्छ ।

प्रत्येक मठ मन्दिरमा कजरी र मलारजस्ता गीतको स्वरलहरी सुनिन्छ । झुलाका समयमा गाउँघरका र वरपरका श्रद्धालुहरु जम्मा हुने भजन कीर्तन गर्ने नाचगान र रामलीला गरेर मध्यरातसम्म जाग्राम बस्ने चलन रहेको छ ।

# तीन वटा शैक्षिक संस्थाको उद्घाटन

**टुडे समाचारदाता**

सप्तरी । सप्तरीमा तीन वटा शैक्षिक संस्थाको उद्घाटन भएको छ । मधेश प्रदेशको समाजिक विकास मन्त्री नवल किशोर साहले एकै दिन तीन वटा शैक्षिक संस्थाको उद्घाटन गरेका हुन् ।

आइतबार हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ५ जोगिनियामा मदरसा र सामुदायिक भवन तथा कंचनरुप नगरपालिकाको वडा नं. १० बदगामामा नवनिर्मित आधारभूत विद्यालय भवनको मन्त्री साहले उद्घाटन गरेका हुन् ।



तीन कोठे मदरसा भवन निर्माणका लागि मन्त्री साहले आफ्नो संसदीय विकास कोषबाट ४५ लाखको सहयोग उपलब्ध गराएका थिए । त्यस्तै सोही वडामा मन्त्री साहको संसदीय विकास कोषबाट ३० लाख र मधेश प्रदेश सरकारको ५५ लाखको सहयोग गरी ८५ लाखका लागतमा सामुदायिक भवन निर्माण भएको हो ।

कंचनरुप नगरपालिकामा आधारभूत विद्यालय भवन निर्माणमा ६५ लाख खर्च भएकोमा ४५ लाख मन्त्री साहको संसदीय विकास कोष तथा २० लाख सामाजिक विकास मन्त्रालयबाट सहयोग उपलब्ध गराइएको छ ।

नवनिर्मित संरचना सम्बन्धित निकायलाई हस्तान्तरण गर्दै मन्त्री साहले भवनको अभावमा समस्या झेलि रहेका विद्यार्थी र समुदायलाई सहजता र उपयुक्त वातावरण प्रदान गर्न सहयोग गरिएको बताए । बालबालिकाको शिक्षामा पहुँच बढाउन आफूले विद्यालय तथा मदरसा निर्माणमा जोड दिएको उनले बताए ।

उनले मुस्लिम समुदाय लक्षित कब्रिस्तान तथा मदरसा निर्माणमा विशेष ध्यान दिएको पनि बताए । भवनको अभावमा फुस र टिनको छानामुनी बसेर पढ्न बाध्य भएर विद्यार्थीहरु पक्की भवनको कक्षा कोठा पाएपछि निकै हर्षित भएका थिए ।

गर्मीको समयमा खाना खाँदा ध्यान दिऔं ।

- बासी र सडेगलेका खानेकुराहरु नखाऔं ।
- पाकेको खाना मात्र खाऔं ।
- झिङ्गा र भुसुना भन्किन नदिऔं । खानेकुरा छोपेर राखौं ।
- फलफूललाई सफा पानीले धोएर मात्र खाऔं ।
- सकेसम्म खुलारुपमा बेच्न राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८